# सरावल गाउँपालिका,सरावल

## नवलपरासी (ब.सु.प)



# सामाजिक परिक्षण

## आ.ब. २०७९।०८०



**पेश गर्ने निकाय: सरावल गाउँपालिका, सरावल**

**पेश गर्ने: ग्यालेक्सी सीप प्रशिक्षण केन्द्र**

# सरावल गाउँपालिका,नवलपरासी

## सरावल गाउपालिकाको नक्सा



# सरावल गाउँपालिका,नवलपरासी

## गाउँ कार्यपालिकाको विवरण



सुखाडी प्रसाद चौधरी थारु
अध्यक्ष



बासमती चमार
उपाध्यक्ष



विष्णु प्रसाद भट्टराई
वडा नं. १ वडा अध्यक्ष



शम्भु प्रसाद चौधरी
वडा नं. २ वडा अध्यक्ष



फिरंगी चौधरी
वडा नं. ३ वडा अध्यक्ष



सुरेश प्रसाद यादव
वडा नं. ४ वडा अध्यक्ष



लक्ष्मण प्रसाद चौधरी
वडा नं. ५ वडा अध्यक्ष



छोटेलाल गुप्ता
वडा नं. ६ वडा अध्यक्ष



हेयात खाँ धुनिया
वडा नं. ७ वडा अध्यक्ष



उर्मिला कुमारी थारु
कार्यापालिका सदस्य



कौशिल्या देवी चमार
कार्यापालिका सदस्य

रामनिवास नाउ
कार्यापालिका सदस्य

रामानन्द चमार
कार्यापालिका सदस्य

नेमा चौधरी
कार्यापालिका सदस्य

ज्ञान्त्री कुमारी चौधरी
कार्यापालिका सदस्य

## अनुसारको स्थानीय तहको आर्थिक वर्ष २०७९/०८० को

## सामाजिक परीक्षण प्रतिवेदन

### १. पृष्ठभूमीः

सामाजिक परीक्षणको अर्थ र परिभाषामा एकरुपता भेटिदैन । सामान्य परिभाषा अनुसार सामाजिक परीक्षण कुनै पनि संघसंस्थाको सामाजिक कार्य सम्पादनको परीक्षण हो । जसमा सरोकारवालाले सामाजिक कार्य सम्पादनका लागि भविष्यमा गर्न सकिने सुधारको आशा राख्दछन् । आर्थिक लेखापरीक्षण र सामाजिक परीक्षण बीच केही समानताहरु छन् । यी दुवैमा अभिलेख र प्रक्रियाको जाँच, त्यसको सारांश र प्रतिवेदन तयारी गरिन्छ । तर तात्विक फरक के हो भने सामाजिक परीक्षणका व्यवस्थापन, बोर्ड सदस्य, कर्मचारी, सेवाग्राही, समुदाय, नीति निर्माता सबैलाई सामाजिक कार्य सम्पादनको लेखाजोखाको अवसरमा सहभागी गराइन्छ भने आर्थिक लेखा परीक्षणमा लेखापरीक्षकले आफ्नो राय मात्र उल्लेख गर्दछन्। पहिलो पटक सामाजिक परीक्षण गरिँदैछ भने विगतको कार्य सम्पादनको मूल्याङ्कनमा भन्दा संख्यागत संरचना, प्रक्रिया र उद्देश्यमा जोड दिनुपर्दछ ।

स्थानीयतह (आर्थिक प्रशासन) नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था एवं स्थानीय तह संस्थागत क्षमता स्वंमुल्यांकन २०७७ अनुसार वर्षमा एक पटक सामाजिक परीक्षण गर्नैपर्ने प्रावधान भएकोले स्थानीयतहहरुले आर्थिक वर्ष समाप्त भएको प्रथम चौमासिक भित्र सामाजिक परीक्षण गराई सक्नुपर्छ । यसकालागि स्थानीय तहले सो तहसँग प्रत्यक्ष सम्बन्ध भएको विज्ञलाई सामाजिक परीक्षकको रुपमा सेवा करारमा लिनु पर्दछ । सामाजिक परीक्षण कार्यको सहयोग तथा समन्वयका लागि स्थानीयतहले एक समन्वय समिति गठन गर्नेछ । समन्वय समितिको गठन बाध्यात्मक भने हुने छैन ।  सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट अध्ययन पश्चात् सम्पूर्ण सरोकारवाला सहितको समावेशी उपस्थितिमा प्रारम्भिक प्रतिवेदन प्रस्तुत गर्नुपर्दछ । छलफलमा उठेका सवाल र जवाफलाई समेटी अन्तिम प्रतिवेदन तयार गरिन्छ । यसलाई स्थानीय तहको योजना तर्जुमाको विभिन्न चरणमा, सामाजिक तथा जनसंख्या समिति र परिषद्बाट पेश गर्नु पर्ने प्रावधान रहेको छ ।

यसरी स्थानीय तहबाट भएका कामहरुले सामाजिक उपलब्धि कति हासिल भए सोको विश्लेषणबाट प्रभावसम्मको अवस्थाको आंकलन गर्न सामाजिक परीक्षण विधि निकै प्रभावकारी छ । सामाजिक परीक्षणको सैद्धान्तिक पक्षको अनुसरण, सामाजिक परीक्षण कार्यविधिको महत्वपूर्ण अंश भएकाले यसको सफल कार्यान्वयनबाट आफ्नो सामाजिक विकासको उत्तरदायित्व पूरा गर्न स्थानीयतहलाई ठूलो टेवा पुग्नेछ । यसैको आधारमा भविष्यको रणनीति तथा योजना तयार गर्ने कार्यका लागि यसका निष्कर्षहरुले सघाउँनेछन् । यो सामाजिक परिक्षण कार्यविधि, २०६७ को

अधिनमा रहि **सरावल गाउँपालिकाको** गत आ. व. २०७९/०८० को सामाजिक परीक्षण गरिएको छ ।

## २. सामाजिक परिक्षणको उद्देश्य:

स्थानीय तह (आर्थिक प्रशासन नियमावली, २०६४ को नियम २०१ ले गरेको व्यवस्था अनुरुप गाउँपालिकाको एक आर्थिक वर्षमा गाउँपालिकाकै समग्र सामाजिक उत्तरदायित्व परीक्षण ( लेखाजोखा) गर्नु यस सामाजिक परीक्षणको उद्देश्य हो । सामाजिक परीक्षण सैद्धान्तिक र व्यवहारिक पक्षलाई समेट्दै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारी, त्यस अनुसार संचालित कार्यक्रम, योजनाले ल्याएको सामाजिक उपलब्धी र सामाजिक जिम्मेवारी बहन गर्न सक्ने संस्थागत क्षमता आदिको लेखाजोखा यसको केन्द्र विन्दुमा रहेका छन्।

- गाउँपालिकाको समग्र सामाजिक उत्तरदायित्व परिक्षण (लेखाजोखा ) गर्नु ।
- सामाजिक परिक्षणका सैद्धान्तिक पक्षलाई समेटदै गाउँपालिकालाई ऐन नियमले तोकेको सामाजिक जिम्मेवारीको एकिन गर्नु ।
- गाउँपालिकाबाट संचालित कार्यक्रम योजनाले ल्याएको सामाजिक उपलब्धी लेखाजोखा गर्नु ।
- गाउँपालिकाले सामाजिक जिम्मेवारी वहन गर्न सक्ने संस्थागत क्षमता कस्तो रहेको छ ,त्यसको लेखाजोखा गर्नु ।
- लेखाजोखा गरिएका सम्पूर्ण यथार्थ अवस्था सहितको प्रतिवेदन प्रस्तुत गर्नु ।

## ३. सामाजिक परिक्षण विधि:

सामाजिक परीक्षणलाई अनुसन्धानात्मक ढंगबाट देहाय बमोजिमका विधिहरुको प्रयोग गरिएको थियो ।

### ३.१ सन्दर्भ सामाग्री, समिक्षा र अध्ययन

- स्थानीयतह सम्बन्धी ऐन, नियम, कार्यविधीहरु र निर्देशिकाहरु
- स्थानीय तहको सामाजिक जिम्मेवारी, लक्ष्य, उद्देश्य
- आवधिक तथा वार्षिक योजना
- सामाजिक उपलब्धी, कार्य सम्पादन, परिणाम र प्रभाव सम्बन्धी अभिलेख तथा सूचना

- नागरिक बडापत्र
- बार्षिक प्रतिवेदनहरु

## ३.२. अन्तवार्ता र समूह छलफल

स्थानीय तहको पदाधिकारीहरु, वडा अध्यक्ष,, सदस्यहरु, प्रमुख प्रशासकीय अधिकृत, यस कार्यका लागि आवश्यक शाखा प्रमुख, आयोजना प्रमुखसँग तथा वडाध्यक्ष अर्ध संरचित अन्तरवार्ता गरिएको थियो । प्रमुख समस्या, चुनौती, तिनीहरुको सम्पादनको अवस्था र भावी कार्यदिशाका बारेमा गहन अध्ययन गरी बुदाँगत रुपमा प्रतिवेदन तयार गरिएको छ ।

## ३.३ प्रारम्भिक प्रतिवेदन प्रस्तुती तथा छलफलः

निम्नानुसारका शीर्षकमा केन्द्रिकृत रही प्रारम्भिक प्रतिवेदन माथि छलफल गरिएको थियो ।

- सामाजिक परीक्षणका निष्कर्षहरु
- सामाजिक परीक्षकले औंल्याएका सवालहरु
- सवालहरुको प्राथमिकीकरण
- यी सवालहरुलाई सम्बोधन गर्ने प्रतिबद्धता
- सामाजिक प्रतिवेदनले समेट्न नसकेका विषयवस्तु सुझावहरु संकलन

## ४. प्रतिवेदन तयारी

सामाजिक परिक्षणको प्रारम्भिक प्रतिवेदन प्रस्तुतिकरण कार्यक्रममा छलफलमा उठेका सुझावहरु र अन्तिम प्रतिवेदन तयारी गरिएको छ । प्रतिवेदनका विषयवस्तु निम्नानुसार प्रस्तुत गरिएको छ ।

- पृष्ठभूमि
- सामाजिक परीक्षणको उद्देश्य
- अध्ययन विधि

- बृहत छलफल कार्यक्रमको विवरण
- अध्ययनको सिमा
- बृहत छलफल कार्यक्रमको विवरण
- सामजिक परीक्षणबाट देखिएका सवालपक्षहरु
- सामाजिक परीक्षणबाट देखिएका चुनौती तथा कमीकमजोरीहरु
- सामाजिक जिम्मेवारी पुरा गर्न स्थानीय तहले चाल्नु पर्ने कदमहरु वा सुझावहरु

## ४.१. परिक्षणमा समावेश भएका पक्षहरु

स्थानीय तह सामाजिक परीक्षण कार्यविधि २०६७ को व्यवस्थानुसार विषयगत कार्यालय र गाउँपालिकाको वार्षिक कार्यक्रम/आयोजनामा समावेश भएका गैर सरकारी संस्थाहरुको हकमा गाउँपालिकाकै अभिन्न अंगकोरुपमा सामाजिक परीक्षणमा सामाजिक जिम्मेवारीको लेखाजोखा तथा कार्यसम्पादनको मूल्याङ्कन गर्नुपर्ने व्यवस्था भएकोले यस गाउँपालिकाको वार्षिक योजनामा भएका गैर सरकारी संस्थाहरुको योजना समावेश गरिएको छैन ।

## ५. सरावल गाउँपालिकाको परिचय र भौगोलिक अवस्थाः

नेपालमा पहिलोपटक भएको संविधान सभाबाट संविधान निर्माण भइ सदियौदेखि रहेको एकात्मक तथा केन्द्रिकृत शासन व्यवस्थाबाट संघीय लोकतान्त्रिक गणतन्त्र मुलुकको रुपमा रुपान्तरण गर्ने क्रममा नयाँ व्यवस्था गरिएका ७५३ स्थानीय तह मध्ये नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम ) जिल्लामा ७ स्थानीय तहको व्यवस्था भएको छ जस मध्ये सरावल गाउपालिका चुरे पहाडदेखि भारतको सिमानासम्मको भूभाग ओगटेको अत्यन्तै सम्भावना बोकेको सुन्दर, उर्वर भूमि, औधोगिक, कृषि, पर्यटन र व्यापारको प्रचुर सम्भावना रहेको क्षेत्र हो । साविक तिलकपुर, मनरी, सरावल, बडहरादुबौलिया, रामपुर खडौना र भुजहवा गा.वि.स. मिलाएर सरावल गाउँपालिका गठन भएको हो । यसको केन्द्र साविक सरावल गा.वि.स.को कार्यालयमा रहेको छ ।

२०७८ को जनगणना अनुसार ४२२०७ जनसंख्या रहेको यस गाऊँपालिकाको क्षेत्रफल ७३.१९ वर्ग कि. मि. रहेको छ । यस गाऊँपालिकको पूर्वमा प्रतापपुर र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाऊँपालिका र रामग्राम नगरपालिका उत्तरमा बर्दघाट र सुनवल

नगरपालिका, दक्षिणमा भारत पर्दछन् । जातीय, भाषिक र सांस्कृतिक विविधता भित्रको एकता विशेषताको रुपमा रहेको यस गाऊँपालिकाको मुख्य पेशा कृषि भएपनि व्यापार, सरकारी अर्धसरकारी र बैदेशिक रोजगारी आर्थिक श्रोतको रुपमा रहेका छन् ।

***श्रोतः सरावल गाउँपालिका https://sarawalmun.gov.np***

## ५.१ राजनीतिक अवस्थितिः

सरावल गाउँपालिका नवलपरासी(बसुप) जिल्लाको एक गाउँपालिका हो । सरावल गाऊँपालिकको पूर्वमा प्रतापपुर र बर्दघाट नगरपालिका, पश्चिममा पाल्हिनन्दन गाऊँपालिका र रामग्राम नगरपालिका उत्तरमा बर्दघाट र सुनवल नगरपालिका, दक्षिणमा भारत पर्दछन् । सातवटा वडाहरुमा अवस्थित गाउँपालिका जिल्लाको निर्वाचन क्षेत्र नं. २ अन्तगर्त पर्दछ । पालिका भित्र विभिन्न जातजाति भाषा र संस्कृतिका मानिसहरुको बसोवास रहेको छ ।

## ५.२. सरावलको वडा विभाजनः

- सरावल गाउँपालिका ७ वटा वडाहरु मिलेर बनेको छ ।

**वडा विवरणः वडा नं. १**

१. कूल घरपरिवार संख्या : १३९५
२. पुरुष जनसंख्या : ३१४३
३. महिला जनसंख्या : ३५८४
४. कूल जनसंख्या : ६७२७
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - १ , तुलसीपुर (तिलकपुर)

**वडा विवरणः वडा नं. २**

१. कूल घरपरिवार संख्या : १३३५
२. पुरुष जनसंख्या : ३०८१
३. महिला जनसंख्या : ३३६३
४. कूल जनसंख्या : ६४४४
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - २ मनरी

**वडा विवरणः वडा नं. ३**

१. कूल घरपरिवार संख्या : १२६४

२. पुरुष जनसंख्या : ३०१४
३. महिला जनसंख्या : ३०८८
४. कूल जनसंख्या : ६१०२
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - ३, सरावल

**वडा विवरण: वडा नं. ४**

१. कूल घरपरिवार संख्या : १२२२
२. पुरुष जनसंख्या : २८७४
३. महिला जनसंख्या : ३०२२
४. कूल जनसंख्या : ५८९६
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - ४, मंगलापुर

**वडा विवरण: वडा नं. ५**

१. कूल घरपरिवार संख्या : ९२१
२. पुरुष जनसंख्या : २१८६
३. महिला जनसंख्या : २२५८
४. कूल जनसंख्या : ४४४४
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - ५, दुबौलिया

**वडा विवरण: वडा नं. ६**

१. कूल घरपरिवार संख्या : १३८४
२. पुरुष जनसंख्या : ३३०५
३. महिला जनसंख्या : ३३७२
४. कूल जनसंख्या : ६६७७
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका- २, रामपुर खडौना

**वडा विवरण: वडा नं. ७**

१. कूल घरपरिवार संख्या : १२२६
२. पुरुष जनसंख्या : २९५४
३. महिला जनसंख्या : २९८३
४. कूल जनसंख्या : ५९३७
५. वडा कार्यालय ठेगाना : सरावल गाउँपालिका - ७, भुजहवा

साथै सरावल गाउँपालिकाका वडा अध्यक्ष तथा सचिवको सम्पर्क सहितको विवरण रहेको छ ।

| वडा नं. | वडाध्यक्षको नाम थर | सम्पर्क नं. | वडा सचिवको नाम थर | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | विष्णु प्रसाद भट्टराई | 9857045433 | सरस्वती शर्मा | 9742999500 |
| २ | शम्भु प्रसाद चौधरी | 9857045030 | डोल्मा लामा | 9814216220 |
| ३ | फिरंगी चौधरी | 9811979693 | सन्त कुमारी चौधरी | 9847041678 |
| ४ | सुरेश प्रसाद यादव | 9847079174 | नागेन्द्र यादव | 9804875133 |
| ५ | लक्ष्मण प्रसाद चौधरी | 9867301344 | अशोक कुमार पाण्डेय | 9847055461 |
| ६ | छोटेलाल गुप्ता | 9748700879 | भोजबहादुर कोहार | 9847205393 |
| ७ | हेयात खाँ धुनिया | 9864581786 | सुरेन्द्र प्रसाद चौधरी | 9864581027 |

श्रोतः *सरावल गाउँपालिका* ***https://sarawalmun.gov.np***

## सरावल गाउँपालिकाका वडा जन प्रतिनिधिहरुको विवरण

### १. वडा नं. १ का जनप्रतिधिहरुः

**विष्णु प्रसाद भट्टराई**
वडा अध्यक्ष

**शोभा देवि थारु**
वडा सदस्य

**शान्ति कुमारी हरिजन**
वडा सदस्य

**गोरे राना मगर**
वडा सदस्य

**बुद्धन प्रसाद चौधरी**
वडा सदस्य

### २. वडा नं. २ का जनप्रतिधिहरुः

**शम्भु प्रसाद चौधरी**
वडा अध्यक्ष

**उर्मिला कुमारी थारु**
वडा सदस्य

**रुषादेवि चमार**
वडा सदस्य

**तुफानिलाल गुप्ता**
वडा सदस्य

**नरेन्द्र प्रसाद चौधरी**
वडा सदस्य

### ३. वडा नं. ३ का जनप्रतिधिहरुः

**फिरंगी चौधरी**
वडा अध्यक्ष

**नेमा चौधरी**
वडा सदस्य

**ध्रुवपति देवि लोना चमार**
वडा सदस्य

**केशवराज चौधरी**
वडा सदस्य

**दुर्गा कुमार चौधरी**
वडा सदस्य

**४. वडा नं. ४ का जनप्रतिधिहरुः**

**लक्ष्मण प्रसाद चौधरी**
वडा अध्यक्ष

**सावित्री देवि चौधरी**
वडा सदस्य

**अनिता देवि हरिजन**
वडा सदस्य

**सुधव कुमार केवट**
वडा सदस्य

**किसुन कहार**
वडा सदस्य

**वडा नं. ५ का जनप्रतिधिहरुः**

**लक्ष्मण प्रसाद चौधरी**
वडा अध्यक्ष

**सावित्री देवि चौधरी**
वडा सदस्य

**अनिता देवि हरिजन**
वडा सदस्य

**सुधव कुमार केवट**
वडा सदस्य

**किसुन कहार**
वडा सदस्य

**वडा नं. ६ का जनप्रतिधिहरुः**

**छोटेलाल गुप्ता**
वडा अध्यक्ष

**ज्ञान्त्री कुमारी चौधरी**
वडा सदस्य

**जानकी चमार**
वडा सदस्य

**चन्द्रभान चौधरी**
वडा सदस्य

**अवदुर रहमान चुरिहार**
वडा सदस्य

**वडा नं. ७ का जनप्रतिधिहरुः**

**हेयात खाँ धुनिया**
वडा अध्यक्ष

**मोहरी देवि चमार**
वडा सदस्य

**कौशिल्या देवि चमार**
वडा सदस्य

**बन्धन केवट**
वडा सदस्य

**धर्मेन्द्र प्रसाद हरिजन**
वडा सदस्य

**गाउँपालिकामा गठन भएका विभिन्न विषयगत समितिहरु**

## १. सुशासन तथा संस्थागत विकास समिति

- संयोजकः फिरिंगी चौधरी
- सदस्यः रामनिवास नाउँ
- सदस्यः उर्मिला कुमारी थारु
- सदस्यः प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना कर्मचारी
- सदस्य सचिवः प्रशासन शाखा प्रमुख

## २. सामाजिक विकास समिति

- संयोजकः- शम्भु प्रसाद चौधरी
- सदस्यः- नेमा चौधरी
- सदस्यः- रामानन्द हरिजन
- सदस्यः- प्रमुख प्रशासकीय अधिकृतले तोकेको एक जना कर्मचारी
- सदस्य सचिवः- सामाजिक विकास शाखा

## ३. शिक्षा समिति

- संयोजकः- सुखाडी प्रसाद चौधरी (गाउँपालिका अध्यक्ष)
- गाउ कार्यपालिकाको सम्भव भएसम्म शिक्षा क्षेत्रको अनुभव प्राप्त महिला तथा दलित समेत २ जनाः-
- सदस्यः- शम्भु प्रसाद चौधरी
- सदस्यः- कौशिल्या देवी चमार
- प्रमुख प्रशासकीय अधिकृतः
- सामुदायिक विद्यालयको प्रतिनिधिमुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको प्रतिनिधि एक जनाः- गोविन्द प्रसाद गौतम
- संस्थागत विद्यालयको प्रतिनिधिमुलक संस्था मध्येबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी समितिले तोकेको प्रतिनिधि एक जना सदस्यः-
- समाजसेवी शिक्षा प्रेमी वा गाउँकार्यपालिकाको शिक्षा क्षेत्रमा विशेष योगदान पुर्याएका मध्येवाट गाउ कार्यपालिकावाट मनोनित
- सदस्यः- नेमा चौधरी
- सदस्यः- जगदिश चौधरी
- सदस्य सचिवः- शिक्षा शाखा प्रमुख

## ५.३ गाउँपालिकाको संगठन संरचनाः

अनुसुचीः १.१

....................गाँउपालिका स्वास्थ्य शाखा को संगठन संरचना (४६०)

- अधिकृत ६ तह (स्वा.,हे.ई.) - १
- अधिकृत ६ तह (स्वा.,क.न./ज.न.) - १

———. नगरपालिका स्वास्थ्य शाखा को संगठन संरचना (२७६)

- अधिकृत ७ तह (स्वा.,हे.ई.) - १
- अधिकृत ६ तह (स्वा,हे.ई.) - १
- अधिकृत६ तह (स्वा.,क.न./ज.न.) - १

———.उपमहानगरपालिका स्वास्थ्य शाखाको संगठन संरचना (११)

- अधिकृत ७/८ तह (स्वा.,हे.ई.)- १
- अधिकृत ६ तह (स्वा,हे.ई.) - १
- अधिकृत६ तह (स्वा.,क.न./ज.न.) - १
- अधिकृत ६ तह (स्वा., आयुर्वेद) - १

———महानगरपालिका स्वास्थ्य शाखाको संगठन संरचना (६)

- अधिकृत ९/१० तह (स्वा.,हे.ई.)- १
- अधिकृत ६ तह (स्वा,हे.ई.) - १
- अधिकृत ६ तह (स्वा.,क.न./ज.न.) - १
- अधिकृत ६ तह (स्वा., आयुर्वेद) - १

नेपाल सरकार
सिंहदरबार, काठमाडौं

सचिव

अनुसुची: १.१

## स्वास्थ्य चौकी तराई र उपत्यका जिल्ला (१४१९ संस्था) को संगठन संरचना

अधिकृत ६ तह
(स्वा./हे.ई)- १

↓

अधिकृत ६ तह (स्वा./क.न.) -१
सहायक ५ तह (स्वा./हे.ई)- २
सहायक ४ तह (स्वा./हे.ई)- १
सहायक ४ तह (स्वा./क.न.) -१

*ल्याब असिष्टेण्ट र का.स.को पदपुर्ती आवश्यकताको आधारमा करारमा नियुक्त गर्न सकिने छ ।

श्रोत: *सरावल गाउँपालिका* ***https://sarawalmun.gov.np***

## ५.४. कर्मचारीको दरवन्दि विवरण:

सरावल गाउँपालिकामा प्रत्येक कर्मचारीहरुलाई काम, कर्तव्य र अधिकार तथा काम गर्ने समय र कार्यविवरणको जिम्मेवारी लिखित नै दिने गरिएको छ । सोहि बमोजिम बार्षिक रुपमा कामको समिक्षा हुने गरेको छ । सरावल गाउँपालिकाको कर्मचारीहरुको दरवन्दि निम्न बमोजिम रहेको

अनुसूची

सरावल गाउँपालिका, नवलपरासी (वर्दघाट, सुस्ता पश्चिम)

गाउँ कार्यपालिकाको कार्यालयको दरवन्दी तेरिज

| क्र.सं. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी दरवन्दी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | ८ औं | प्रशासन | सा.प्र. | | १ | | | |
| २ | इन्जिनियर | ७/८ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| ३ | अधिकृत | ७/८ औं | शिक्षा | शि.प्र. | | १ | | १ | |
| ४ | अधिकृत | ७/८ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ५ | अधिकृत | ६ औं | प्रशासन | सा.प्र. | | २ | | २ | |
| ६ | आन्तरिक लेखापरीक्षक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| ७ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ४ | | ४ | |
| ८ | कम्प्यूटर अपरेटर | ५ औं | विविध | | | १ | | १ | |
| ९ | लेखा सहायक | ५ औं | प्रशासन | लेखा | | १ | | १ | |
| १० | प्रा. स. | ५ औं | शिक्षा | शि. प्र. | | १ | | १ | |
| ११ | हे. अ. | ५/६ औं | स्वास्थ्य | हे. ई. | | १ | | १ | |
| १२ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | १ | | १ | |
| १३ | अ.सव.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ | |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ | |
| १५ | खा.पा.स.टे. | चौथो/पाचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ | |
| | कार्यालय तर्फ जम्मा | | | | | १९ | ० | १८ | |
| वडा कार्यालय (७ वटा) | | | | | | | | ० | |
| १ | सहायक | ५ औं | प्रशासन | सा.प्र. | | ३ | | ३ | |
| २ | सव-इन्जिनियर | ५ औं | इन्जि. | सिभिल | | ३ | | ३ | |
| ३ | सहायक | चौथो | प्रशासन | सा.प्र. | | ४ | २ | २ | |
| ४ | अ. सव-इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | १ | ३ | |
| ५ | | | | | | | | | |
| | वडा कार्यालय तर्फ जम्मा | | | | | १४ | ३ | ११ | |
| | कुल जम्मा | | | | | ३३ | ३ | २९ | |

नोट : कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचनाअनुसारको मिल्दो चौथो तहमा कामकाज लगाउन सकिनेछ । त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।

संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएमा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार कामकाज गराउनु पर्नेछ ।

स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो/पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब-ई., अ.स.ई. वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ ।

यस दरवन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नु पर्ने छ ।

नेपाल सरकार
(सामान्य प्रशासन)
सिंहदरवार, काठमाडौं

सचिव ।

# सरावल गाउँपालिकामा कार्यरत कर्मचारीहरुको विवरण

## स्थायी तर्फ

| क्र.स. | पद | नाम | शाखा | मोबाईल नं. |
|---|---|---|---|---|
| १ | प्र.प्र.अ | दुर्गा पौडेल | कार्यालय प्रमूख | 9857046266 |
| २ | शिक्षा अ. | तुलसी प्रसाद अधिकारी | शिक्षा शाखा | 9847079259 |
| ३ | लेखा अ. | नारायण पाण्डेय | लेखा शाखा | 9851199103 |
| ४ | अ.छैठौ | देशकान्त बस्याल | प्रशासन शाखा | 9847205706 |
| ५ | ईन्जिनियर | मदन पाण्डेय | प्राविधिक शाखा | 9867036561 |
| ६ | अ.छैठौं | ईश्वरी खनाल | योजना शाखा | 9869450633 |
| ७ | लेखापाल | नरेश कोहार | लेखा शाखा | 9847126879 |
| ८ | ना.सु. | राजन बस्याल | प्रशासन शाखा | 9857083303 |
| ९ | स.पाचौं | टंक नाथ ज्ञवाली | जिन्सी शाखा | 9857045983 |
| १० | सव ईन्जिनियर | सन्दिप चौधरी | प्राविधिक शाखा | 9857046128 |
| ११ | स.पाचौं(आलेप) | अमृत आर्याल | लेखा शाखा | 9861391142 |
| १२ | प्राविधिक सा. पाचौं | प्रेम बहादुर थापा | शिक्षा शाखा | 9851159545 |
| १३ | प्रा.स.पाचौ.(कृषि) | कुलदिप नारायण मिश्रा | कृषि शाखा | 9867177452 |
| १४ | ना.प्र.स. पाचौं पशु | यम अर्याल | पशु विकास शाखा | 9857056800 |
| १५ | स.पाचौं | सरस्वती शर्मा | वडा सचिव, वडा नं. १ | 9847472567 |
| १६ | टा.पा. स.पाचौं | सन्त कुमारी चौधरी | वडा सचिव, वडा नं. ३ | 9857041678 |
| 17 | कम्प्युटर अपरेटर | भविश्वर डुम्रे | बैठक व्यस्थापन | 9857051015 |
| १८ | खा.पा.से चौथो | भोजबहादुर कोहार | वडा सचिव, वडा नं. ७ | 9847205393 |
| १9 | स.चौथो | नरसिहं प्रसाद चौधरी | न्यायिक शाखा | 9846041415 |
| 20 | अ.स.ई.(चौथो) | सुरज कुमार थारु चौधरी | प्राविधिक शाखा | 9867515980 |
| २1 | अ.स.ई.(चौथो) | हेमन्त कुमार चौधरी | प्राविधिक शाखा | 9847429697 |
| २2 | अ.स.ई.(चौथो) | डोल्मा लामा | प्राविधिक शाखा | 9814216220 |
| २3 | स.चौथो | सुरेन्द्र चौधरी | का.स. वडा नं. ७ | 9807401851 |

| | | | | |
|---|---|---|---|---|
| २4 | का.स. | चेत नारायण चौधरी | का.स. वडा नं. १ | 9847079534 |
| २5 | का.स. | कृष्ण चौधरी | का.स. वडा नं. २ | 9857046325 |

**करार तर्फ**

| क्र.स. | पद | नाम | शाखा | फोन नं. |
|---|---|---|---|---|
| १ | रोजगार संयोजक | नेत्र नारायण भण्डारी | रोजगार शाखा | 9851229699 |
| २ | सूचना प्रविधि अधिकृत | रिना कुर्मी | सुचना प्रविधि शाखा | 9857047960 |
| 3 | वन अधिकृत | भुवन भण्डारी | वातावरण शाखा | 9862420538 |
| 4 | राजश्व सहायक | अनिपा कुमारी सहानी | लेखा शाखा | 9857047948 |
| ५ | कम्प्युटर सहायक | विष्णु माया कुमारी राय थारु | राजस्व शाखा | 9811566538 |
| ६ | स्थानिय स्रोत व्यक्ति | निशा चौधरी | सहकारी शाखा | 9804482691 |
| ७ | प्राविधिक सहायक | मेहताब खा | रोजगार शाखा | 9857046086 |
| ८ | एम.आई.एस. अपरेटर | संतोष सिह राय | पंजिका शाखा | 9847032617 |
| ९ | सब-इन्जिनियर | पुरन सुबेदी | प्राविधिक शाखा | 9824483140 |
| १० | उद्मम विकास सहजकर्ता | टेकमाया चौधरी | मेडपा शाखा | 9815467628 |
| ११ | MIS फिल्ड सहायक | जमुना चौधरी | पंजिका शाखा | 9805406557 |
| १३ | कृषि प्रविधिक | अर्जुन पौडेल | कृषि शाखा | 9847124686 |
| १४ | कृषि प्रविधिक | राजाराम यादव | कृषि शाखा | 9866413773 |
| १५ | पशु प्रविधिक | रन्जना अचार्या | पशु विकास शाखा | 9849138144 |
| १६ | राजश्व संकलक | दिपक मणी गुप्ता | राजस्व शाखा वडा नं १ | 9847298040 |
| १७ | अमिन | निरज प्रजापति | नापी शाखा | 9806977152 |
| १८ | विपद फोकल पर्सन | अबदुल रज्जाक | विपद शाखा | 9867426367 |
| १९ | का.स. | राजेश कुमार गौड | का.स. | 9807476126 |
| २० | हलुक सवारी चालक | किसुन चौधरी | सवारी चालक | 9867415627 |
| २१ | का.स. | रंगिला चौधरी | का.स. | 9800705115 |
| २२ | ऐम्बुलेन्स चालक | धन बहादुर चौधरी | एम्बुलेन्स चालक | 9800762853 |
| २३ | का.स. | सोनिया चौधरी | का.स. | 9816463486 |
| २४ | का.स. | अंकिता चौधरी | दर्ता चलानी शाखा | 9827584255 |
| २५ | का.स. | अबध विहारी लोनिया | का.स. , वडा नं ३ | 9804447124 |

| | | | | |
|---|---|---|---|---|
| २६ | का.स. | राजेश यादव | का.स., वडा न. ४ | 9804497355 |
| २७ | का.स. | आरति भट्टराई | का.स., वडा न. २ | 9815455266 |
| २८ | का.स. | विकाउ हरिजन | का.स., वडा नं. ५ | 9804497355 |
| २९ | कार्यालय सहायक | ऋषि प्रसाद चौधरी | का.स., वडा नं. ६ | 9811900611 |
| ३० | का.स. | राम जतन यादव | का.स., वडा नं. ६ | 9814478764 |
| ३१ | का.स. | इन्द्र जित प्रदास कलवार | का.स., वडा नं. ७ | |
| ३२ | नगर प्रहरी | राजेश कुमार यादव | सुरक्षा शाखा | 9811450023 |
| ३३ | नगर प्रहरी | अश्लम शेष | सुरक्षा शाखा | 9806993033 |
| ३४ | नगर प्रहरी | दुर्गेश गुप्ता | सुरक्षा शाखा | 9807509557 |
| ३५ | नगर प्रहरी | नर्वदा यादव | सुरक्षा शाखा | 9816463400 |
| ३६ | नगर प्रहरी | विजय कुमार चौधरी | सुरक्षा शाखा | 9803930822 |
| ३७ | सरसफाई | हरिवंश डोम | | 9806900354 |
| ३८ | कम्प्युटर सहायक | भोलेनाथ कोईरी | | 9857046066 |
| ३९. | हलुका सवारी चालक | माधव पौडेल | | |
| ४० | का.स. | मणिकान्त चौधरी | | |
| ४१ | कार्यालय सहायक | रञ्जना चौधरी | | |
| ४२ | का.स. | बुद्धमाया कुमारी चौधरी | | |

## ५.५ स्वास्थ्य शाखामा कार्यरत कर्मचारीहरुको विवरण

स्वास्थ्य शाखामा कार्यरत कर्मचारीको विवरण

| | नाम थर | उमेर | लिङ्ग | पद |
|---|---|---|---|---|
| - | स्वा. शाखा | - | - | - |
| १ | ओम नारायण देवकोटा | ४६ | पु. | सि.अ.हे.व. अधिकृत |
| २ | खेम नारायण खनाल | ५५ | पु. | सि.अ.हे.व.अधिकृत |
| ३ | भिमलाल भण्डारी | २४ | पु. | ब. पोषण स्वयंसेवक |
| - | Tilakpur H.P. | | | |
| १ | ठानेश्वर पाण्डेय | ५६ | पु. | सि.अ.हे.व. अधिकृत |
| २ | सरस्वती कँडेल | ५२ | म. | सि.अ.न.मी. |
| ३ | पार्वती कँडेल | ३८ | म. | सि.अ.हे.व. |
| ४ | ज्योति खनाल | २७ | म. | सि.अ.न.मी. |
| ५ | रुप नारायण राय | | पु. | अ.हे.व. |
| ६ | लक्ष्मी चौधरी | | म. | का.स. |
| - | Manari H.P. | | | |
| १ | निलकण्ठ भण्डारी | ४० | पु. | सि.अ.हे.व. अधिकृत |
| २ | डा. अनिश गुप्ता | | पु. | मे. अधिकृत |
| ३ | विशेसवर नाथ गोसाई | ३२ | पु. | अ.हे.व. |
| ४ | शान्ति पुरी | २७ | म. | सि. अ.हे.व. |
| ५ | अनिता कुमारी चौधरी | ३७ | म. | सि.अ.न.मी. |
| ६ | गणेश अर्याल | ३२ | पु. | ल्या.अ. (करार) |
| ७ | मिना कुमारी चौधरी | २९ | म. | अ.न.मी. (करार) |
| ८ | अनुपा चौधरी | ३७ | म. | अ.न.मी. (करार) |
| ९ | अमर सिंह कुर्मी | ५२ | पु. | का.स. |
| १० | योगमाया चौधरी | २५ | म. | कुचिकार ( करार) |
| - | Sarawal H.P. | | | |
| १ | सुमन पन्त | ३२ | पु. | ज.स्वा.नी. |
| २ | पुष्पा शर्मा | ३१ | म. | सि.अ.हे.व. अ. |
| ३ | देवराज चौधरी | ३१ | पु. | अ.हे.व |
| ४ | अजिबुन नेसा | | म. | अ.न.मी. |
| ५ | सोनु चौधरी | | म. | ल्याब. अशिष्टेन्ट |
| ६ | केशमति चौधरी | ३८ | म. | का.स. |
| - | Manglapur CHU | | | |
| १ | अदालत चौधरी | २६ | पु. | ~~हे.अ.~~ ३ श्रे.नि. |
| २ | बिन्दमाया चौधरी | ३१ | म. | सि.अ.न.मी.नि. |
| ३ | कुसुम भट्टराई | २९ | म. | सि.अ.न.मी. |
| ४ | धिरज यादव | २५ | पु. | अ.हे.व. (करार) |
| ५ | राजकुमार कुशवाहा | ३२ | पु. | का.स. (वडा करार ) |
| - | B. Dubauliya H.P. | | | |
| १ | विजय चौधरी कुर्मी | ३२ | पु. | ~~हे.अ.~~ ३ श्रे.नि. |
| २ | राम बेलास अहिर | ३५ | पु. | अ.हे.व. |
| ३ | सपना सुनार | २७ | म. | अ.न.मी. |
| ४ | आश्मा चौधरी | २५ | म. | अ.न.मी. (करार) |
| ५ | राधिका चौधरी | | म. | अ.हे.व. (करार) |
| ६ | मन्त्री यादव | ४४ | पु. | का.स. |
| - | R. Khadauna H.P. | | | |
| १ | राम शरण धोबी | ४९ | पु. | सि.अ.हे.व. अधिकृत |

| | | | | |
|---|---|---|---|---|
| २ | सिराजु अन्सारी | २५ | पु. | हे.अ. |
| ३ | मनिता कुमारी सिंह | ४९ | म. | सि.अ.न.मी. त्रि, |
| ४ | गंगादेवी भण्डारी | | म. | सि.अ.न.मी. |
| ५ | रवि प्रताप यादव | | पु. | अ.हे.व. (करार) |
| ६ | दिपक हरिजन | ३८ | पु. | का.स. (करार) |
| - | Bhuiahawa HP. | | | |
| १ | रुप नारायण यादव | ३५ | पु. | ~~हे.अ~~ अ.स्वा.त्रि. |
| २ | मंजुला चौधरी | ५१ | म. | सि.अ.न.मी. |
| ३ | संजोग हरिजन | ३१ | पु. | सि.अ.हे.व. |
| ४ | रुपा चौधरी | २३ | म. | अ.न.मी. (करार) |
| ५ | बिष्णु महतो | ३२ | म. | अ.न.मी. (करार) |
| ६ | रुपा चौधरी | | म. | अ.न.मी. (करार) |
| ७ | देवी कुमारी यादव | २६ | म. | ल्या.अ. (करार) |
| ८ | मोहन चौधरी | ५२ | पु. | का.स. |
| ९ | फुलवन्ति हरिजन | ३९ | म. | कुचिकार (करार) |
| १० | अमरावती चमार | ५३ | म. | कुचिकार (करार) |

## ५.६. विद्यालय सम्बन्धी विवरणः

## सरावल गाउँपालिकाका सामुदायिक एवं धार्मिक विद्यालयका प्रधानाध्यापकरुको नामावली

सरावल गाउँपालिका अन्तर्गत सामुदायिक तथा धार्मिक विद्यालय

| क्र.स. | सामुदायिक विद्यालयको नाम | प्रधानाध्यापक | सम्पर्क नं. |
|---|---|---|---|
| १ | आदर्श मा.वि., खोखरपुरा | देवनारायण चौधरी | ९८५७०४५६३९ |
| २ | बसन्त मा.वि., बसन्तपुर | चुन्ना प्रसाद पौडेल | ९८४७०४२३२६ |
| ३ | सरस्वती आ.वि., पथरहिया | ओम कुमारी चौधरी | ९८६७०२२५१७ |
| ४ | जनशक्ति आ.वि., दंगिया | चन्दा कुमारी फौज्दार | ९८६३२९१९२२ |
| ५ | सुवंशी कन्या आ.वि., अत्रहटी | विरेन्द्र प्रसाद कुर्मि | ९८४७२०३१३५ |
| ६ | त्रिमुर्ति आ.वि., तिलौली | मजिदअली अंसारी | ९८६०७७४७५३ |
| ७ | जनता मा.वि., मनरी | नन्दिनी कुमारी पोखेल (ढकाल) | ९८६७२११३१६ |
| ८ | बालपुरी आ.वि., पिपरा | सुरेन्द्र कुमार चौधरी | ९८६७०००८६२ |
| ९ | महेन्द्र मा.वि., सरावल | धनिराम बि.क. | ९८६७४९८४२९ |
| १० | बुद्धज्योति आ.वि., हात्तीवन | बिनोद पाण्डेय | ९८४७१५५०८७ |
| ११ | विनोदनीता कण्डेल आ.वि., दुबौलिया | नरसिंह गुप्ता | ९८४७१२७२२६ |
| १२ | जनता आ.वि., धनगडवा | रविन्द्र कुमार गौड | ९८५७०४७५४५ |
| १३ | जनजागृति आ.वि., पुसौली | ब्रम्हा प्रसाद पटेल | ९८१७४२५२३३ |
| १४ | जनता मा.वि., भुजहवा | श्रीकृष्ण कुशवाहा | ९८६७७९१९१५ |
| १५ | महेन्द्र जनता मा.वि., गडौरी | मोहम्मद इरफान शेष | ९८०६९९२९८४ |
| १६ | बाल्मिकी आ.वि., भटवलिया | अनिल यादव | ९८६७३९९६४१ |
| १७ | मदरसा गौसिया मिसबाहुल ओलुम, ललितपुर | दिपक राय | ९८६७४९५७३८ |
| १८ | मदरसा इस्लामिया अहले सुन्नत, बटसार | अन्जुम अंसारी | ९८१४४९१८५७ |
| १९ | मदरसा कादरिया नुरुल उलुम, पुसौली | समसाद अली | ९८०४४४८८४८ |
| २० | मदरसा नुरुल उलुम, मधवलिया | ताहिर हुसेन चुरिहार | ९८०७५५८३४५ |
| २१ | मदरसा अरेबिया अहले सुन्नत रजाउल उलूम, भुजहवा | सरताज अली | ९८६७४४१५६३ |
| २२ | पशुपति शिक्षा मन्दिर, भटवलिया . | महाविर महरा | ९८११४२०७१४ |
| २३ | मदरसा इस्लामिया, भुजहवा | मकबुल अहमद सल्फी | ९८६४५८०९३६ |

**सरावल गाउँपालिकाका अन्तर्गत संस्थागत विद्यालयका प्रधानाध्यापकरुको नामावली**

सरावल गाउँपालिका अन्तर्गत सामुदायिक तथा धार्मिक विद्यालय

| क्र.स. | विद्यालय वा संस्थाको नाम | प्रधानाध्यापक | सम्पर्क नं. |
|---|---|---|---|
| १ | बसन्तपुर जेनिथ ईङ्गलिस बोर्डिङ्ग स्कुल, बासाबसही | विष्णु प्रसाद चौधरी | ९८५७०८१४०३ |
| २ | सालबास सनराइज इङ्लिस स्कुल, सालबास | बालकृष्ण लम्साल | ९८४७०९२७६९ |
| ३ | मुनलाईट एकेडेमी, पट्खौली | कुल नारायण चौधरी | ९८६७४८८६११ |
| ४ | स्टारलाईट ईङ्गलिस विद्यालय, भिमटाँडी | डा. शिवशंकर बस्याल | ९८५७०४५१०० |
| ५ | सिद्धार्थ सेकेन्डरी स्कुल, गोबरहिया | राम चन्द्र चौधरी | ९८५७०८०३१५ |
| ६ | अम्बिका ईङ्गलिस स्कुल, ललितपुर | राजप्रसाद यादव | ९८२१५१५२८७ |
| ७ | ललितपुर लिटिल फ्लावर इ.स्कुल, ललितपुर | ब्रम्हा यादव | ९८२६४४४६२१ |
| ८ | रोशनज्याति ईङ्गलिस बोर्डिङ्ग स्कुल, गोबरहिया | रोहित कहाँर | ९८४७२९०९५८ |
| ९ | लर्ड बुद्ध इङ्लिस एकाडेमी, गडौरी | अशोक कुमार चौधरी | ९८५७०५३२०३ |
| १० | फ्युचर लाइफ इङ्गलिस स्कुल, पुसौली | रियाज अली अन्सारी | ९८१९४५४६१० |
| ११ | सोसियल पायनियर एकाडेमी, भुजहवा | नरेन्द्र बहादर सिंह | ९८०४४५०२४४ |
| १२ | बर्दघाट कालिका इङ्गलिस बोर्डिङ्ग स्कुल, भुजहवा | जितेन्द्र कुमार यादव | ९८५७०४६६१४ |

## ६. सरावल गाउँपालिकाको नीति तथा कार्यक्रम २०७९।०८०

*दीर्घकालीन सोचः "संमृद्ध सरावल गाउँपालिका, खुशी  सरावल वासी : हाम्रो प्रतिवद्धता"*

**नीति तथा कार्यक्रमको उद्देश्य**

१) रोजगार श्रृजना गर्ने

२) गरिवी न्यूनिकरण गर्ने

३) कृषि उत्पादनमा बृद्धि गर्ने र कृषि व्यवसायीकरण गर्ने

४) श्रोतको न्यायोचित र सन्तुलित रुपमा गर्ने

५) सामाजिक क्षेत्रमा परिवर्तन ल्याउने

६) पुर्वाधार विकास र औद्योगिकरणमार्फत गाउँपालिकालाइ आत्मनिर्भरतातर्फ उन्मुख गराउने ।

क्षेत्रगत रुपमा निति तथा कार्यक्रम देहाय वमोजिम रहेको छ ।

**क) राजश्व परिचालन तथा श्रोत अभिबृद्धि सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१ ) कर दाताको विवरण अद्यावधिक गरिने छ । व्यवसाय करको दायरा बढाउने र बढी भन्दा बढी व्यवसायीहरुलाई कर तिर्न प्रोत्साहित गर्ने, कार्यक्रम संचालन गरिनेछ ।

२) मंसिर २ देखि ७ गते सम्म *"कर तिरौं, सभ्य नागरिक बनौं"* भन्ने नाराका साथ साताव्यापी "व्यवावसाय दर्ता, नविकरण तथा कर सप्ताह" कार्यक्रम सञ्चालन गरिनेछ ।सो अवसारमा गाऊँपालिकालाई नियमितरुपमा र सबैभ्दा बढी कर तिर्ने करदाताहरुलाई प्रोत्साहन तथा सम्मा गरिने छ ।

३) गाउँपलिकाका अन्तर्गत रहेका सार्वजनिक जग्गामा गाउँपालिकाले वा व्यक्ति स्वयमले अस्थायी संरचना बनाइ उपभोग गर्न दिएको खन्डमा बहाल बिटौरी कर असुल गरिने छ । यसरी अस्थायी संरचना बनाइ उपभोग गर्दा गाउँपालिकाले आवश्यक परेको खण्डमा सम्झौता भंग गरी उक्त जग्गा खाली गर्न बाधा परेको मानिने छैन ।

४) गाउँ सभाबाट पारित कर कार्तिक महिना भित्रै बुझाउनेलाई सम्पति कर व्यवसाय कर, बहाल विटौरी कर र घर जग्गा बहाल करमा लाग्ने करमा दश प्रतिशत छुट दिईने छ । चालु आर्थिक बर्षको असार मसान्तसम्म कर नबुझाई बक्यौता कायम हुन आएमा बक्यौता कायम हुन आए आ.ब. बाट पहिलो बर्ष दश प्रतिशत र त्यस पछिका प्रत्येक बर्षमा बीस प्रतिशतका दरले विलम्ब जरीवाना समेत जोडी बक्यौतासमेत अशुल गरिनेछ ।

५) सम्पति कर, व्यवसाय कर, घर बहाल कर, बहाल बिटौरी कर, मनोरन्जन कर आदिलाइ पारदर्शी र प्रभावकारी बनाउन आवश्यक्ता अनुसार कार्यबिधि, निर्देशिका बनाइ व्यवस्थित गरिने छ ।

६) विकास निर्माणमा महिला सहभागिता र स्वावलम्वी नारी सम्बृद्धि नारालाई सार्थक बनाउन महिलाको नाममा दर्ता गरिएको व्यवसायिक प्रतिष्ठानमा लाग्ने करमा दश प्रतिशत छुट दिइने छ ।

७) सरावल गाउँपालिका अन्तर्गत सम्पूर्ण भौतिक संरचनाको हकमा नक्सा पास नगरी संरचना निर्माण गर्न पाईने छैन । पुराना निर्माण भइ सकेका संरचनाका हकमा पनि अगामी आ.व. ०७९ पुष मसान्तसम्म गाउँपालिकामा नियमित गराई सक्नुपर्नेछ । सोअवधिसम्म पनि नक्शा पसा नगरी अटेरी गरेको पाइएमा नक्शापास दस्तुरको २५ प्रतिशत जरिवाना लिइनेछ ।

८) यस गाउँपालिकाका क्षेत्र भित्रका कुनै व्यक्ति वा संस्थाले भवन, जग्गा, गोदाम, सेड आदि आंशिक वा पुर्ण रुपमा बहाल लगाएका धनिसँग निजले बहालमा लगाएको अंक रकमको दश

प्रतिशतका दरले संबन्धित धनीसंग बहाल कर लिनेछ। भवन निर्माण निर्देशिकालाई कडाईका साथ लागु गरिने छ।

९) पेशा व्यवसाय कर लिदा एउटै फर्ममा फरक फरक प्रकृतिका व्यवसाय संचालन भएको हकमा तोकिए बमोजिमको फरक फरक प्रकृतिको व्यवसाय करको दरले हुन आउने रकम जोडी व्यवसाय कर लिइने छ।

१०) सरावल गाउँपालिकाको स्वामित्वमा भोगाधिकार रहेको संरक्षण र परिचालन गर्न सक्ने भवन, जग्गा जमिन, हाट बजार, पोखरी, खोलानाला तथा अन्य भौतिक सम्पतिको हभिलेख अध्यावधिक गरी राजस्व आम्दानीको माध्यमको रपमा परिचालन गरिनेछ। यस्ता पोखरीको ठेक्का प्रतिस्पर्धाको आधारमा गाउँपाससलिकाबाट अनुमती लिई वडाबाटै सन्चालन गर्न सकिने व्यवस्था मिलाईने छ।

११) आफनो वा सगोल परिवारले गाउँपालिकालाई भुक्तान गर्नु पर्ने कर शुल्क दस्तुर समयमा नबुझाइ वक्यौता राख्ने करदातालाई यस गाउँपालिकाबाट प्रदान गरिने कुनै पनि सेवा सुविधामा तथा सिफारिस रोक्का गरिने छ।नक्शा पास नगरेका व्यक्ति तथा सगोल परिवारलाई पनि लागु हुनेछ।

१२ ) कुनै पनि कर शुल्क आफुले बुझाउनु पर्ने सम्पति कर, व्यसायिक कर, घर बहाल कर लागायत भुक्तान गर्नु पर्ने रकम अनिवार्य हुन छ। सो योजनाबाट लाभान्वित हुने उपभोक्ताहरुलाई कर तिर्न प्रोत्साहित गरिनेछ।

१३) सम्पत्ती कर बुझाउने कुनै करदाताले आफ्नो नाममा रहेको सम्पत्ती लुकाई वा खण्डीकरण गरी वा भौतिक संरचना नदेखाइ सम्पत्ति मुल्याकन गराई कर तिरेको प्रमाणित भएमा वास्तविक सम्पत्तिको मुल्यांकनबाट लाग्ने कर रकममा साविकमा बुझाइ बाँकि रहेको रकममा दश प्रतिशतले हुने थप रकम जरिवाना गरी करसमेत असुल गरिने छ।

१४) श्रोत परिचालन र व्यवस्थापन सरावल गाउपालिकालाई सक्षम र आत्मनिर्भर बनाउन, प्रचलित कानुन बमोजिम लगाउन सकिने सबै स्रोतहरुको वास्तविक परिचालन, विश्लेषण, प्रक्षेपण समतामुलक, प्रगतिशिल र न्यायपूर्ण बनाई राजस्वको दायरालाई अधिकतम रुपमा फराकिलो बनाइनेछ ।

१५) गाउँपालिकाबाट सञ्चालित आयोजनाहरुको अपनत्व, संरक्षण तथा विकास निर्माणमा जनसहभागिता, उच्च आर्थिक विकास भन्ने मुल नाराका साथ अनिवार्य लागत सहभागिताको व्यवस्था गरिनेछ।

१६) कर चुक्तालाई गाउँपालिकाबाट उपलब्ध गराइने अनुदान लगायतका सेवासुविधा प्रदानको आधारको रुपमा लिइनेछ।

१७) आर्थिक वर्ष २०७९/८० मा पनि करका दरमा यथावत प्रस्ताव गरेको छु ।

**ख) आर्थिक विकास सम्बन्धि नीति तथा कार्यक्रमहरुः**

१) सरावल गाउँपालिका क्षेत्र भित्रको कृषि योग्य जमिनको पहिचान गरी नमुना व्यवसायिक खेतीको रुपमा एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ।

२) बाख्रा पकेट, तकारी पकेट कार्यक्रमबाट बढी भन्दा बढी कृषकहरुलाई सहभागी गराई उत्पादनमा वृद्धि हुने कार्यक्रम सञ्चालन गरिने छ ।

३) अर्गानिक तरकारी खेती गर्नेलाई प्रोत्साहन गरिनेछ । स्थानीय श्रोतसाधनको अधीकतम प्रयोग गरी स्थानीय गाउँवासीले रोजगारी पाउने खालको योजना तथा कार्यक्रमलाई प्रथामिकता दिईनेछ ।

४) कृषकहरुका उत्पादनहरु संकलन, भण्डारको लागि सरावल-३ गोईनीमा निर्मित कृषि उपज संकलन केन्द्र तथा हात्तीवनमा निर्मित हाटबजार संचालन ल्याई बजारससँग आवद्ध गरिनेछ ।

५) दुग्ध उत्पादन गर्न प्रोत्साहन दिने उद्देश्यका साथ प्रति लिटर दुधमा रु १।- अनुदान दिइनेछ ।

६) उत्पादनमा प्रोत्साहन गर्न कृषकहरुलाइ हिउदे बालीको बिउ खरिदमा ५० प्रतिशत अनुदान दिइनेछ भने व्यवसायक खेतीलाई प्रोत्साहन गर्न उत्पादनको आधारमा अनुदान दिने नीति अवलम्वन गरिनेछ । साथै कृषकलाई उपलब्ध गराईने हरेक प्रकारको अनुदान बैंकिङ प्रणाली मार्फत गरिनेछ ।

७) कृषकहरुका उत्पादन संकलन,प्रशोधन,भण्डारण र बजारीकरणमा सहकारी संस्था तथा कृषक समुहहरुलाइ संलग्न गराउने कार्यक्रम संचालन गरिनेछ ।

८) पालिकाभित्र च्याउ खेतीलाई प्रवर्द्धन गरी कृषकहरुको आयआर्जन अभिवृद्धि गर्न वडा र पालिकास्तरमा विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

९) कृषकहरुलाई आवश्यक सहयोग पुर्‍याउन, गाउँपालिकाको कृषि नीति तथा योजना वास्तविक र वस्तुनिष्ठ बनाउन कृषि र कृषकहरुको तथ्यांक संकलन गरी कृषक परिचयपत्र वितरण गरिनेछ ।

१०) कृषि उपज संकलनकेन्द्र संचालनमा सहभागिता जनाउने सहकारी संस्था वा कृषक समुहलाई आवश्यक पुर्वाधार व्यवस्थापन र विद्युत शुल्कमा छुट सहयोग उपलब्ध गराइनेछ ।

११) पशुपंक्षी खोप कार्यक्रम, पशु गोठसुधार व्यवस्थापन, पशु अहार, नश्ल सुधार, स्थानी र रैथाने जातका पशुपंक्षीको संरक्षण, प्रर्वधन, पशु र बाली बीमाजस्ता कार्यक्रम संचालन गरिनेछ ।

१२) धानबाली, गहुँ, तोरी, मसुरो आदि बालीको विजबृद्धि कार्यक्रम संचालन गरी बिउंमा परनिर्भरता घटाउनुका साथै यसबाट मुनाफा गर्न कृषकलाई प्रोत्साहित गरिनेछ ।बिजबृद्धि कार्यक्रम सहकारी संस्था एवं कृषक समुहको सहकार्यमा संचालन गरिने छ ।

१३) कृषि सडक र कृषि विद्युतीकरणलाइ संगसगै अगाडी लगी सिंचाई सुविधा उपलब्ध गराई कृषि उत्पादनमा बढावा दिने नीति अवलम्बन गरिनेछ ।सिंचाई प्रयोजनका विद्युतिकरण गर्ने कार्यलाई आवश्यक सहजिकरण गर्न पहल गरिने छ ।

१४) कृषक पाठशाला मार्फत हिउदे बालीलाई प्रोत्साहन सहितको कार्यक्रम सञ्चालन गरिने छ ।

१५) नगदे बालीको रुपमा बेसार खेतीलाई प्रतोसाहनहरितको कार्यक्रम ल्याइने छ । एक वडा एक उत्पादन कार्यक्रमलाई निरन्तरता दिइने छ ।

१६) कोपोमिस प्रणालीमार्फत सहकारी संस्थाहरुको अनुगमन गरिने छ । सहकारी संस्थाहरुको क्षमता विकासका लागि तालिमहरु सञ्चालन गरिने छ ।

१७) सार्वजनिक जग्गा तथा नदी किनारामा जग्गा संरक्षण गरी वृक्षारोपण गरिनेछ।

१८) प्रधानमन्त्री रोजगार कार्यक्रम तथा रोजगार कार्यक्रम संचालन गरी पालिकाभित्रका बेरोजगार युवाहरुलाई रोजगारी प्रदान गरिनेछ । यसका लागि रोजगार सेवा केन्द्रलाई थप क्रियाशिल बनाई श्रमिकहरुको लगत संकलन अभिलेखिकरण गरी उद्योग बजार तथा श्रम बजार आवद्ध गराउने एवं रोजगार सिर्जना गर्न विशेष पहल गरिनेछ ।

१९) माछापालन/मत्सय विकास सम्बन्धी कार्यक्रमहरु सञ्चालन गरिनेछ । गाउँपालिकाभित्र रहेका सार्वजनिक पोखरी, ताल, तलैयालाई संरक्षणसँगै आयआर्जनको श्रोतको रुपमा विकास गर्न माछापालन गर्न प्रोत्साहित गरिनेछ ।

२०) पोषिलो पशुआहारको दिगो आपुर्तिका लागि घासँको स्रोत केन्द्र कार्यक्रम सञ्चालन गरिनेछ ।

२१) पुरातात्विक स्थलको खोज, अनुसन्धान तथा उत्खननका लागि सरोकारवाला विभाग/कार्यालयसँग समन्वय गरि अगाडि बढाइनेछ ।

२२) आन्तरिक तथा बाहय पर्यटकलाई आकर्षित गर्न आ. ब. २०७७/०७८ मा थारु संग्रहालय स्थापना प्रारम्भ गरिनेछ । पर्यटन सहकारी संस्था मार्फत घरवास ज्फभकतबथ व्यवस्थापन र

संचालन गरी पर्यटन क्षेत्रको संरक्षण र संम्बर्द्धन गर्ने नीति लिइनेछ जसबाट स्थानिय संस्कृती संरक्षण एवं स्वरोजगार श्रृजना हुने अपेक्षा गरिएको छ ।

२३) सबै वडामा लधु उद्यम विकास कार्यक्रम सञ्चालन गरी स्थानीय जनतालाई व्यवसायउन्मुख बनाई गरिबी निवारण गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।

## ग) पूर्वाधार तथा भौतिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरुः

१) गाउँपालिकाको क्षेत्र भित्रका कच्ची सडकलाई कल्भर्ट, ह्युमपाइपसहित कालोपत्रे एवं ग्र्‍याभल सडकमा स्तरोन्नति गरिनेछ । निर्माणाधिन अवस्थामा रहेको क्रमागत अधुरो आयोजना हुलाकी, कोठीलहा, श्रीनगर, सरावल जोडने सडक निर्माणलाई निरन्तरता दिइनेछ ।

२) सरावल गाउपालिका अन्तर्गत रहेका यस वर्षमा पुरा हुन नसकेका आयोजनाहरुलाई सम्पन्न गर्न प्रथामिकतासाथ सञ्चालन गरिनेछ ।

३) राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनमा जोड दिइने र निर्माण क्षेत्रसँग सम्बन्धित श्रमिकहरुका लागि बिमा गर्ने नीति लिइनेछ ।

४ ) सम्भाव्य ठुलो आयोजनाहरुको विस्तृत परियोजना तयार गरी सामाजिक, आर्थिक र वातावरणीय दृष्टिकोणबाट सम्भाव्य आयोजनाहरुको कार्यान्वयनमा जोड दिइनेछ ।

५) भौतिक पुर्वाधार तथा संरचनाहरुको गुणस्तर कायम गर्न उपभोक्ता समिति र अनुगमन समितिलाई तालिम प्रदान गरिनेछ ।

६) पालिका भित्र निर्मित संरचनाहरुको दिगो उपयोग तथा मर्मत संभारका लागि स्थापित मर्मत सम्भार कोषलाई थप व्यवस्थित गर्दै लगिनेछ ।

७) समुदायसँग सहकार्य गरी सडक बत्ती जडान तथा वडामा सञ्चालन गर्न जनसहभागितालाई प्रोत्साहित गरिनेछ ।

८) विकास व्यवस्थापनका दृष्टिले पछाडि परेका वडाहरुमा सन्तुलित विकास गर्ने निति अवलम्बन गरिनेछ । सोही अवधारणा अनुरुप जनसंख्या, क्षेत्रफल विकासको अवस्था, आन्तरिक आयमा योगदान जस्ता सूचकका आधारमा वडास्तरीय श्रोत साधनको बाँडफाड गर्ने नीति अवलम्वन गरिनेछ ।

९) गाउँपालिकाको सडक गुरुयोजना कडाईका साथ कार्यान्वयनमा ल्याईनेछ ।

१०) १० लाख भन्दा बढी लागत अनुमान भएका सबै विकास आयोजनाहरु प्राथमिकताका साथ विद्युतीय खरिद प्रणाली मार्फत संचालन गर्ने नीति लिइनेछ ।

११) पूर्वाधार निर्माण गर्दा महिला मैत्री, बाल मैत्री, अपाङमैत्री तथा वातावरण मैत्री हुने नीति लिइनेछ

१२) वडा नं ७ मा वडा कार्यालय भवन निर्माण कार्य तयारी गरिने छ ।

**घ) सामाजिक विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१) महिला नेतृत्व विकास र सशक्तिकरणको लागि क्षमता विकास कार्यक्रम तथा आय आर्जनका लागि सीप विकास कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

२) एकल तथा दलित महिलाहरुको हित प्रवर्द्धन गर्ने, सीप विकास र आय आर्जन गर्न कार्यक्रम संचालन गर्न प्राथमिकता दिइनेछ । महिला, बालबालिका तथा अन्य लक्षित बर्गलाई प्रत्यक्ष फाईदापुग्ने खालका आयोजनाहरुलाइ प्राथमिकता राखी कार्यान्वयन गरिने छ ।

३) सामाजिक कुरीतिको रुपमा रहेको बालबिवाह,बहुबिवाह, रुढीवादी अन्धविश्वास एवं भ्रमहरु हटाउन र लागू औषधको प्रयोगबाट दिग्भ्रमित युवा युवतीलाई बचाउन किशोर किशोरीहरु एवं सामाजिक परिचालनमार्फत सचेतिकरण कार्यक्रम संचालन गरिनेछ ।

४) गाउँपालिका क्षेत्रभित्रका सबै विद्यालयस्तरमा, समुदायस्तरमा, वडास्तरमा र गाउँपालिकास्तरमा बाल क्लब र बालसंजालको क्षमता विकासका कार्यक्रम संचालन गरिनेछ ।

५) सरावल गाउँपालिकालाई बाल मैत्री गाउँपालिका घोषणा गर्न पहल गरिनेछ । जसको लागी आवश्यक पुर्वाधार तथा कार्यक्रहरु ल्याईनेछ ।

६) नवजात शिशु, बालबालिका, गर्भवती तथा सुत्केरी महिलाको स्वास्थ्य हितका लागि सञ्चालित पोषण कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

७) विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन गरिनेछ । जस अन्तर्गत सम्बन्धित वडाको स्वास्थ्य चौकीबाट महिनाको कम्तिमा १ पटक स्वास्थ्य परीक्षण गर्न स्वास्थ्यकर्मी खटाउने कार्यक्रम ल्याईनेछ ।

८) जेष्ट नागरिकलाई लक्षित गरी निशुल्क आखाँ शिविर र महिलाको निशुल्क पाठेघर परिक्षण शीविर संचालन गरिने छ ।साथै कुष्ठ रोग नियन्त्रणका लागि क्यामपिङ संचालन गरिने छ ।

९) छुवाछुतमुक्त समाजको अवधारणालाई सार्थक बनाउन समुदाय तहसम्म विभिन्न कार्यक्रम संचालन गरिनेछ । समावेशी विकास गरी सामाजिक विभेद कम गर्दै लगिनेछ ।

१०) दलित, आदिबासी जनजाती, थारु, मधेशी,मुस्लिम,पिछडावर्ग एवं अल्पसंख्यक, लोपोन्मुखको परम्परागत पेशा, सीपको संरक्षण गर्न विभिन्न कार्यक्रम संचालन गरिनेछ । यौनिक/लैगिंक

अल्पसंख्यकहरुको मुलप्रवाहीकरणका लागि क्षमता अभिबृद्धि र आय आर्जनमा सहकार्य गर्न कार्यक्रम संचालन गरिनेछ ।

११) सबै सामुदायिक विद्यालयलाई गरिने पुर्वाधार सहयोगमा अपाङमैत्री र लैगिंकमैत्री शौचालय निर्माण गरिनेछ। सबै सामुदायिक माध्यमिक बिद्यालयमा बालमैत्री धारा जडान गर्ने कार्यलाई निरन्तर्ता दिइनेछ।

१२) गाउँपालिका क्षेत्रभित्र क्रियाशिल गैरसरकारी संस्थाहरुको कार्यलाई गाउँपालिकाको प्राथमिकताप्राप्त क्षेत्रमा केन्द्रित गरी नतिजामुलक बनाउन र प्रभावकारी परालन गर्न गैसस परिचालन नीति बनाइने छ।

१३) पालिकाभित्रका सबै कार्यालयलाई महिला मैत्री बनाउने अभियान अन्तर्गत गाउँपालिका कार्यालयमा स्थपित स्थापित स्तनपान कक्षलाई थप व्यवस्थित गर्दै लगिनेछ।

१४) सरावल गाउँपालिका द्वारा संचालित बर्थिङ्ग सेन्टरमा सुत्केरी हुने महिलालाई निशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिइनेछ। साथै स्वास्थ्य पोषण युक्त सन्तुलित आहार तथा बच्चा र आमा लाई न्यानो कपडा र पोषणभत्ता उपलव्ध गराईने छ।

१५) महिला स्वास्थ्य स्वयमसेविका सेवालाई थप प्रभावकारी बनाउन हाल प्रदान गरिदै आएको प्रोत्साहन भत्तामा निरन्तरता दिइने छ ।अवकास पाउने रकमममा समेत थप गरिने छ। उत्कृष्ट सेवा प्रदान गर्ने महिला स्वास्थय स्वयमसेवीकाहरुलाई पुरस्कृत गरिने छ। साथै स्वास्थ बिमाको लागि पहल गरिने छ।

१६) निजी स्वास्थय संस्थाहरुको प्रभावकारी अनुगमन नियमन गरिने छ । विना दर्ता संचालित स्वास्थ्य संस्थाहरु बन्द गराईनेछ । प्रत्येक विद्यालयहरुमा १ जना शिक्षकलाई प्राथमिक उपचारको तालिम प्रदान गरी प्राथमिक उपचार प्रदान गर्ने व्यवस्था मिलाईनेछ।

१७) गाउँपालिकाबासिलाई पाईपलाइनबाट आर्सेनिकमुक्त शुद्ध खानेपानीको सुविधा उपलब्ध गराउन हाल कार्यान्वयनमा रहयेका खानेपानी आयोजनाहरुलाई छिटो सम्पन्न गर्न गराउन पहल गरिने छ।

१८) सरावल गाउँपालिका अन्तर्गतका शिक्षक दरबन्दी कम र विद्यार्थी संख्या बढी भएका समुदायिक बिद्यालयलाई थप शिक्षक अनुदान दिने व्यवस्थालाई निरन्तरता दिईनेछ।

१९) खेलकुद क्षेत्रको विकासको लागि प्रत्येक वडामा कम्तिमा एक वटा वडा स्तरिय खेलकुद मैदान तथा गाउपालिकामा कम्तिमा एक वटा पालिका स्तरिय खेलकुद मैदान निर्माण गरी युवाहरुलाई खेलकुद तर्फ आकर्षित खालका कार्यक्रमहरु संचालन गरिने छ।

२०) कोभिड १९ महामारीको रोकथाम, नियन्त्रण र उपचारलाइ थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

२१) फोहोर मैला व्यवस्थापनका लागि आवश्यक कार्यक्रम संचालन गरिने छ ।

२२) विद्यालय अध्ययनरत किशोरीहरुका लागि सुरक्षित सरसफाईका समाग्री वितरण कार्यलाई निरन्तरता दिइनेछ ।

२३) किरा, फटयाङग्रा  र लामखुट्टे लगायतका शत्रुजिव  नियन्त्रण कार्यक्रम संचालन गरिनेछ ।

२४) वडा नं. २ र ७ मा संचालित प्रसुति र ल्याब सेवा संचालन लाई निरन्तरता दिदै वडा नं. ५ र ६ मा प्रसुती सेवा विस्तार गरिनेछ ।

२५) विद्यालयको स्थायी सम्पत्तिको लगत तयार गरी सम्पत्तिको सृजनशील उपयोग गरी विद्यालयलाइ आत्मनिर्भर बनाउन प्रोत्साहन गरिनेछ ।

२६) मातृमृत्यूदर, शिशु तथा वालमृत्यूदर, कुपोषण, बिभिन्न जीवाणु एवं विषाणुबाट लाग्ने रोगहरुको संख्यात्मक अवस्थाको आवश्यकताअनुसार आंकलन, संकलन तथा विश्लेषण गरी सचेतनामुलक, प्रर्वद्धनात्मक र उपचारात्मक कार्यक्रम संचालन गरी स्वास्थ्य सेवा जनताको घरदैलोमा पु¥याइनेछ ।

२७) आयूर्वेदिक एवं वैकल्पिक स्वास्थ्य सेवाहरु मार्फत नागरिकहरुमा व्यक्तिगत तथा सामुदायिक स्वास्थ्य सुधार गर्ने कार्यक्रम लागु गरिनेछ । साथै योग, स्थानिय जडिवुटीको प्रयोग एवं संरक्षणको लागी आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२८) स्थानिय भाषा संस्कृतिको संरक्षण तथा प्रवर्धन कार्यक्रमहरु संचालन गरिने छ ।

२९) अति विपन्न नागरिकहरुको पहिचान गरी परिचयपत्र वितरण गर्न आवश्यक पहल गरिनेछ।

३०) यस गाउँपालिका अन्तर्गत रहेको कोटहीमाई थान, भुल्किहवा जवाई ताल, गिद्ध रेष्टुरेन्ट, चमेरो संरक्षण क्षेत्र (गार्दुल) अत्रहटी शिवालय मन्दिर, थारु मिलन केन्द र सहित पर्यटकीय क्षेत्रहरुको संरक्षण, विकास र प्रवर्द्धन गरिनेछ ।

**ङ) वन, वातावरण  तथा विपत व्यवस्थापन सम्बन्धी निती तथा कार्यक्रमहरु :**

१) सरावल गाउँपालिकामा रहेका आकस्मिक विपद व्यवस्थापन कोषको रकम लाई बृद्धि गरीनेछ ।

२) स्थानिय विपत व्यवस्थापन समिति मार्फत विपद पुर्व तयारी तथा प्रतिकार्य योजना र जोखिम न्युनिकरण तयारीको कार्य गरिनेछ । विपद न्युनिकरणका लागि पुर्व सुचना प्रणाली स्थापनाका

लागि प्रक्रिया अगाडि बढाइनेछ । विपदबाट हुनसक्ने क्षतिलाई न्युनिकरण गर्न आवश्यक कार्यक्रम तर्जुमा र कार्यान्वयन गरिनेछ । विपदमा परेका नागरिकलाई राहत उदारमा स्थानीय स्तरका विपद व्यवस्थापन समितिलाई सक्रिय वनाइनेछ । समितिका सदस्यको क्षमता अभिवृध्दिको लागी तालिम प्रदान गरिनेछ ।

३) यस गाउपालिकामा रहेको भलुही, झरही, धनेवा खोलामा डयाम बनाई तटबन्ध गरी डुवानको समस्यालाई समाधान गर्न पहल गरिनेछ ।

४) वन तथा वातावरण संरक्षणको लागी प्रत्येक नक्सा पास गर्ने घर धनिले दुई बिरुवा रोप्न प्रोत्साहित गरिनेछ । विपद उत्थानशील संरचना निर्माण गर्न जोड दिइने छ ।

५) सडक, नाला, सार्वजनिक र खुला स्थानमा फोहोर फाल्नेलाई कारवाही गर्ने नीति लिईनेछ । बजार क्षेत्रमा सार्वजनिक शौचालयको व्यवस्था गरिनेछ ।

६) वडा समिति एवं समुदायको सहभागितामा सार्वजनिक जग्गाको संरक्षण गरिनेछ ।

७) प्राकृतिक सम्पदाको अनाधिकृत तथा अवाञ्छित दोहन हुन नदिन विभिन्न कार्यक्रम संचालन गरिनेछ । नदिजन्य पदार्थ उत्खनन र ठुलो योजनामा प्रारम्भिक वातावरणिय परिक्षण र वातावरणिय प्रभाव मुल्याङकन गरिनेछ ।

८) खाली सार्वजनिक जग्गामा बृक्षारोपण कार्यक्रम संचालन गरिनेछ । साथै निजि जग्गामा बृक्षारोपण गर्न चाहने व्यक्तिलाई प्रोत्साहन गर्न र बिरुवा खरिदमा अनुदान उपलब्ध गराइनेछ ।

९) स्थानिय समुदायसंगको सहकार्यमा नदी, खोला, घोला, कुलो र नाला सफाई गरिनेछ ।

१०) सिमसार, बांध, तालतलैया, नदिको संरक्षण, मर्मत तथा तटबन्ध गर्ने कार्यक्रम तय गरिनेछ। जसवाट पानी संचय भइ पर्यावरणिय संरक्षण सहित सिंचाइ व्यवस्था मिलाइनेछ ।

११) सार्वजनिक जग्गा संरक्षण गर्न स्थानिय समुदायलाई प्रोत्साहन एवं परिचालन गरिनेछ, त्यस्ता जग्गा तारवार गरी सार्वजनिक प्रयोगमा उपयोग गरिनेछ ।

१२) पुर्ववत रुपमा संचालित गिद्ध संरक्षण अभियानलाई निरन्तरता दिइने छ । यस्तै वडा नं. ७ मा रहेको चमेरो(गोदुल) क्षेत्र संरक्षणमा विशेष कार्यक्रम ल्याईनेछ ।

१३) जलवायु अनुकुलन तथा खाद्य सुरक्षा एवं खाद्य सम्प्रभुता सुनिश्चित गर्न सहभागितामुलक कार्यक्रम संचालन गर्ने, पालिका भित्र पाइने लोपोन्मुख तथा संकटापन्न जिवजन्तु, बनस्पति संरक्षणकोलागि आवश्यक कार्ययोजना तयार गरी लागु गरिनेछ ।

**छ) सुशासन प्रवर्द्धन तथा संस्थागत विकास सम्बन्धी नीति तथा कार्यक्रमहरु**

१) सरावल गाउँपालिका लाई प्रविधि मैत्री गाउँपालिकाको रुपमा पहिचान गराउन डिजिटल गाउँपालिकाको रुपमा विकास गरिनेछ ।

२)मेलमिलापकर्ता एवं न्यायिक परामर्शदाताको सहयोगमा न्यायिक पहुच सुनिश्चिवता गर्नका लागी आवश्यक कार्यक्रम ल्याईनेछ ।

३) जनप्रतिनिधि एवं कर्मचारीहरुको नेतृत्व तथा क्षमता विकास तालिम सञ्चालन गरी सेवा प्रवाहलाई चुस्त छिटोछरितो र मितब्ययी बनाईनेछ ।

४) कर्मचारी कल्याण कोषलाईथप व्यवस्थित र प्रभावकारीता बनाउने नीति ल्याइनेछ ।

५) सरावल गाउपालिकालाई आवश्यक पर्ने अफिस उपकरण, स्टेसनरी तथा मेशिनरी समानहरु खरिद गर्दा गुणस्तर चिन्ह प्राप्त ग्यारेन्टी भएका समानहरुलाई प्राथमिक्ता दिई प्रतिस्पर्धाको माध्यमबाट खरिद गरिने गाउपालिकाका स्वदेशी उत्तपादनलाई प्राथमिक्ता दिइनेछ । कार्यालयमा भएका साधन मेशिन उपकरणहरुको बेलैमा नियमित मर्मत सम्भार गर्ने, अधिक्तम परिचालन गर्ने र स्रोत अभिबृद्धिमा समेत प्रयोग गरिने नीति ल्याइनेछ ।

६) कार्यालयमा रहेका विभिन्न सवारी साधन मेशिन उपकरण , फर्निचर लागायतका विभिन्न जिन्सी समानहरु र कार्यालय संरचना चालु अवस्थामा राखिनेछ ।

७) नागरिकलाई छिटो छरितो सरल सहज र बिना झन्झट सेवा प्रदान गरिने छ ।

८) कर्मचारीहरुलाई उत्पेरित गरी उच्च मनोवलका साथ कार्य गर्ने वातारण सिर्जना गरिनेछ ।

९) घटना दर्ता तथा समाजिक सुरक्षा व्यवस्थापनलाई थप प्रभावकारी बनाउन कर्मचारीलाई विभिन्न किसिमको तालिमहरुको संचालन गरी प्रविधीमैत्री वनाईने छ ।

१०) व्यक्तिगत घटना दर्ता तथा समाजिक सुरक्षाकोप्रभावकारिता कायम गर्न विभिन्न किसिमका जनचेतना मुलक कार्यक्रम संचालन गर्ने नीति ल्याइने छ । सामाजिक सुरक्षा प्राप्त गर्ने लाभग्राहीको अभिलेखन समयमै अध्यावधिक गरिने छ ।

११) सूशासन पारदर्शिता र जबाफदेहितामा अभिबृद्धि गराउन गाउँपालिकाले लिएको समग्र नीति र संचालित कार्यक्रम आयोजनाले पारेको समाजिक प्रभावको लेखाजोखा गर्ने गरी समाजिक परिक्षण र सबै आयोजना कार्यक्रमहरुमा सार्बजनिक परिक्षण र सार्वजनिक सुनवाइ कार्यक्रम समपन्न गरिने छ ।

१२) आन्तरिक लेखा परिक्षण शाखालाई प्रभावकारी बानइने छ । स्रोत साधनको मितव्ययी प्रयोग गरिने छ । प्रयोग गरेको सवारी साधनको लगबुक खडा गरिने छ ।

१३) सरावल गाउँपालिकाको सेवा प्रवाह, जानकारी, सन्देश र अनुरोधलाई सेवाग्राहीको हातहातमा पुर्याउन तयार गरिएको मोबाईल एप्सलाई थप सुरक्षित एवं प्रभावकारी वनाईनेछ ।

१४) सरावल गाउँनगरपालिकाको आधिकारिक वेबसाइटलाई थप व्यवस्थित एवं प्रभावकारी वनाईने छ ।मासिक रुपमा भएको आम्दानि खर्च एवं निर्णयहरु वेबसाइडमार्फत सार्वजनिक गरिनेछ ।

१५) गाउँपालिकाको संस्थागत बिकास, तथा सुशासन, जवाफदेहिता तथा पारदर्शिता कायम गर्न आवश्यकतानुसार गाउँपालिको ऐन, नियमहरु कार्यबिधिहरु, निर्देशिकाहरु तर्जुमा तथा संशोधन गरी कार्यान्वयनमा ल्याइनेछ ।

१६) जनप्रतिनिधि तथा कर्मचारीहरुको आचारसहिताको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ ।

१७) आफ्ना काम कारवाही, निर्णयहरुको नियमित प्रकासन गरि नागरिकको सुचनाको हकसुनिश्चित गर्ने नीति लिइनेछ । यस गाउँपालाकालाई बेरुजु र भ्रष्टाचारमा शुन्य सहनशिलताको नीतिलाई निरन्तरता दिइने छ ।

१८) दलित अल्पसंख्यकजातिहरुलाई मुलप्रवाहिकरण गर्न तथा सामाजिक आर्थिक अवस्थाको विकास र सुधार गर्न सिपमुलक तालिमको व्यवस्था गरिने छ ।

१९) गाउँपालिकाले जारी गरेको नीति, ऐन, नियम र आदेशहरु पालना नगर्ने व्यक्तिहरुको वडागत सुची तयार गरी गाउँपालिका तथा वडा कार्यालय मार्फत प्रदान गरिने सेवासुविधाहरुमा त्यस्ता व्यक्तिहरुलाई सहभागी नगराईने नीति अवलम्वन गरिनेछ ।

२०) का सुचकहरु पूरा गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ ।

२१) पञ्जिकरण तथा घटना दर्ता अभियानलाई बैज्ञानिक, व्यवस्थित र भरपर्दो बनाउन डिजिटाईजेसन कार्यलाई निरन्तरता दिइ कार्यसम्पादन गरिनेछ ।

## ज) श्रम र रोजगार सम्बन्धी नीतिः

१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ११, रोजगारीको हक सम्बन्धी ऐन, २०७५को परिच्छेद -३ र रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ बमोजिम यस सरावल गाउँपालिकाको रोजगार सेवा केन्द्रलाई गाउँपालिकाको शाखाको रुपमा गाउँपालिकाले सञ्चालन गर्नेगरी संगठन र व्यवस्थापन सर्वेक्षण (इचनबलष्शबतष्यल बलम :बलबनझभलत क्गचखभथ) मा समावेश गरीनेछ।

२) गाउँपालिका क्षेत्रभित्र रहेका बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन तथा विश्लेषण गरी बेरोजगार व्यक्तिको सूची गाउँ कार्यपालिकाबाट स्वीकृत गरी उक्त बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अद्यावधिक गरी सूचीकृत लाभग्राही परिचयपत्र वितरण गरिनेछ।

३) गाउँपालिका क्षेत्रभित्रको संभाव्य रोजगारीको स्थिति विश्लेषण गरी रोजगारीको तथ्याङ्क संकलन गर्ने, रोजगारीका अवसरको नक्शांकन गर्ने तथा रोजगारीका अवसरहरुको अभिलेख राख्ने काम रोजगार सेवा केन्द्रमार्फत यस आर्थिक वर्षमा शुरु गरिनेछ।

४) प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन गरिनुका साथै यसै आर्थिक वर्षबाट रोजगार बैंक संचालन गरिनेछ।

५) विभिन्न रोजगार आयोजनाहरु तथा रोजगारदाताबाट माग भए बमोजिम सूचिकृत बेरोजगार व्यक्तिहरुलाई रोजगारीका लागि खटाइनेछ साथै गाउँपालिका क्षेत्रभित्र उपलब्ध रोजगारीका अवसरहरुको पहिचान गरी सोको सूचना प्रवाह गरिनेछ।

६) बेरोजगार व्यक्तिहरुको ज्ञान, सीप तथा क्षमता र बजारको मागका आधारमा आवश्यक पर्ने सीप विकास तालिमको पहिचान गरी सम्बन्धित तालिम प्रदान गरिनेछ र आवश्कतानुसार थप तालिमका लागि केन्द्रमा सिफारिस गरिनेछ।

७) रोजगार सेवा केन्द्रमा सूचीकृत बेरोजगार व्यक्तिहरु मध्ये न्यूनतम रोजगारी प्राप्त गर्ने, रोजगारमूलक तथा सीपमूलक तालीम प्राप्त गर्ने, निजी क्षेत्रको रोजगारीमा सहभागि हुने तथा स्वरोजगार हुने व्यक्तिहरुको विवरण अद्यावधिक गरिनेछ।

८) रोजगारी सम्बद्ध अन्य विषयमा संघिय र प्रदेशको सरकार सम्बन्धित मन्त्रालयमा रोजगार व्यवस्थापन सूचना प्रणाली र आवश्यक अन्य माध्यम मार्फत नियमित प्रतिवेदन गरिनेछ।

९) लधु उधम विकासका कार्यक्रमहरुमा संचालन गरी स्वोरोजगारी र उधमी हुन प्रेरित गरिनेछ।

१०) सुरक्षित आप्रवासन परियोजना (सामी) कार्यक्रम गाउँपालिकाले संघिय सरकारको समन्वयमा संचालन गरिनेछ।

११) आन्तरिक रोजगारी प्रवर्द्धन गर्नमा संलग्न सार्वजनिक क्षेत्रभित्रका सरोकारवालाहरुलाई अन्य सेवा प्रदान गरिनेछ। वैदेशिक रोजगारीमा जाने तथा जान चाहनेहरुका लागि सूचना तथा परामर्श सेवा प्रदान गर्ने, वैदेशिक रोजगार प्रर्वद्धन बोर्डबाट उपलब्ध गराइने आर्थिक सहायता वितरण सम्बन्धी कार्यमा सहयोग गरिनेछ । वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन गरिनेछ ।वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग साथै सामाजिक पुनः एकीकरणको काम गरिनेछ।

# ६.१ सरावल गाउँपालिकाबाट आ.ब. २०७८।०७९ मा विभिन्न शाखाबाट भए गरेका कार्यक्रमगत प्रगति

## क) आर्थिक प्रशासन शाखा

**आर्थिक कारोबारको स्थिति**

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सरावल गाउँपालिका, नवलपरासी , सरावाल गाउँपालिका , नवलपरासी पश्चिम भाग

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दुर्गा पौडेल | २०७८-१०-२८ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | नारायण पाण्डेय | २०७७-४-१ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५९,२०४,१९८.२८ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,०८,३८,७६२.०६ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४३,१६,८६,७७२.२४ | **चालु खर्च** | ३७,८६,९७,९७३.०६ |
| **प्रदेश सरकारबाट अनुदान** | २,०७,२६,३५३ | **पूँजीगत खर्च** | १५,९९,३४,५७६.६७ |
| **राजश्व बाँडफाँट** | ९,६७,३०,०६९.९६ | **वितीय/अन्य व्यवस्था** | १,६३,९१,७१६.३१ |
| **आन्तरिक आय** | १,३१,८५,०४४.२९ | | |
| **अन्य आय** | ६,५६,२०,३१३.७७ | | |
| **कुल आय** | ६२,७९,४८,५५३.२६ | **कुल खर्च** | ५५,५०,२४,२६६.०४ |
| **बाँकी मौज्दात** | | १४,३७,६३,०४९.२८ | |

### १. चालु वर्षको बेरुजु २०७८।७९

### १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ३६ | ११६ | ५९२४६ | ० | ५ | ४२ | ३६ | १११ | ५९२०४ | ४९९ | ११६१ | ५११९९ | ० | ० | ५२३६० | ६३४५ |

### १.२ प्रतिक्रियाबाट फस्यौंट गरिएका दफाहरुको स्विकृत विवरण

| क.सं | प्रारम्भिक प्रतिवेदनको दफा नं. | छोटकरी व्यहोरा | रकम रु. |
|---|---|---|---|
| १ | १७ | बढी पारिश्रमि कर कट्टा गरेकाले सम्परीक्षण | १० |
| २ | ३१ | अग्रीम कर कट्टा गरेकाले सम्परीक्षण | ५ |
| ३ | ३२ | लागत सहभागिता बापत आनुपातिक कट्टी गरेकाले सम्परीक्षण | ११ |
| ४ | ५३.२ | पदाधिकारीहरुलाई भत्ता प्रदान गर्दाको कर कट्टा गरेकाले सम्परीक्षण | १६ |

### २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सरावल गाउँपालिका नवलपरासी | १२५१२१ | ० | ३४४ | १२४७७७ | | ५९२०४ | १८३९८१ |

*श्रोत: महालेखा परिक्षकको कार्यालयबाट*

# सरावल गाँउपालिकाको आर्थिक वर्ष २०७८/०७९ को बजेट

गाउँ सभामा बजेट पेश गरेको मिति २०७८/०३/१०

(रु.हजारमा )

आन्तरिक श्रोत

१०९१०

राजस्व बांडफांडबाट प्राप्त रकम

संघः- ८०२६४ प्रदेशः- १७६८३

वित्तिय समानीकरण अनुदानबाट प्राप्त रकम

संघः-१३०८०० प्रदेशः-६१८३-

ससर्त अनुदानबाट प्राप्त रकम

संघः-१९१९०० प्रदेशः-८५४४

विशेष र समपुरक अनुदानबाट प्राप्त रकम

संघः-१३९०० प्रदेशः-२१०००

अन्य निकायबाट प्राप्त रकमः ०

गत वर्षको बचत अ. ल्या.:- ५०००० आन्तरिक ऋणः-०

कुल बजेटः- ५३११८४

खर्च प्रस्ताव

चालु खर्चः-३०२१८१.८० पुंजीगत खर्चः-२२९००२.२०

गाउँ सभाबाट बजेट पारित भएको मितिः२०७८/०३/१८

बुद्ध प्रकाश पौडेल
प्रमुख प्रशासकिय अधिकृत

**ख) सहकारी शाखा तथा व्यवसाय दर्ता शाखा**

सरावल गाउँपालिकामा जम्मा २२ वटा सहकारी संस्था रहेका छन् । जस अन्तर्गत बचत तथा ऋण सहकारी संस्थाहरु १२ वटा रहेका छन् । त्यस्तै वहुउद्देश्यीस सहकारी संस्थाहरु ४, कृषि सहकारी ४ वटा छन् भने प्रदेश स्तरका सहकारीहरु ३ वटा रहेका छन् ।

**सहकारी क्षेत्रमा गरिएका क्रियाकलापहरु**

१. सरावल गाउँपालिका भित्रका सवै विषयगत सहकारीहरुले तोकिएकै समयमा साधारण सभा सम्पन्न गरेको ।

२. सहकारी संस्थाहरुलाई लक्षित गरी लेखा व्यवस्थापन तालिम, सहकारी समिक्षा गरिएको ।

३. सहकारी संस्थाहरुको क्षमता अभिबृद्धिकालागि क्षमता विकास तालिम संचालन गरिएको ।

४. ६६ औं राष्ट्रिय सहकारी दिवस विशेष कार्यक्रम पालिका स्तरमा संचालन गरिएको छ ।

५. केही सहकारीहरुको बाहेक मासिक रुपमा प्रगति प्रतिवेदन शाखामा आउने गरेको छ ।

६. पालिका भित्रका सहकारी मध्ये ९ वटा सहकारीलाई मलखादको विक्रिवितरणको लाइसेन्स प्राप्त गरेका छन् ।

**यस्तै व्यवसाय दर्ता शाखा अन्तर्गतको कामहरु**

१. घ वर्ग निर्माण व्यवसायी २६ वटा दर्ता रहेको ।

२. व्यवसाय नविकरण २१ वटा मात्र भएका छन् ।

३. घरेलु तथा साना उद्योग कार्यालयबाट उद्योग तथा व्यवसायका फाईल ४२८ वटा पालिकालाई प्राप्त भएको छ ।

४. पूँजी बृद्धिकालागि १२ वटा फाईल, ठाउँसारीका लागि ३ वटा र फाईल फिर्ता २२ वटा रहेका छन ।

५. पालिका भित्र इट्टा उद्योग जम्मा ३ वटा नविकरण भएका छन् भने चामल मिल २ वटा नविकरण भएका छन् ।

**ग) कृषि शाखा**

१. तरकारी बाली पकेट विकास कार्यक्रमः संचालन जसले गर्दा तरकारी उत्पादनमा बृद्धि भई कृषकलाई प्रत्यक्ष रोजगारी सृजनामा सहयोग । छरिएर रहेका व्यवसायीक कृषकहरुलाई समूहमा आवद्ध गरियो ।

२. २५ हेक्टर क्षेत्रफलमा सिंचाई सुविधा विस्तार ।
३. आधुनिक कृषि यन्त्रको मद्दले तरकारीको उत्पादन लागतमा कमी भएको छ । अन्तराष्ट्रिय उत्पादनसँग प्रतिस्पर्धी वनाईयो ।
५. ६ थान पम्पसेट, २३ थान स्प्रे टंक, १४ थान वाटर पम्प, ३ थान पावर टिल, ४६ थान कोदालो, ८० वटा हजारी, ५४ वटा कुटो, अर्थअगर १ थान
६. प्लास्टिक मल्चिङ्गबाट १८ जना अगुवा कृषकलाई तरकारी उत्पादन बृद्धि गरियो ।

**धान उत्पादन प्रवर्दन कार्यक्रमः**

क) ३ वटा समूहबाट २३५ विगाहामा उन्नत धान प्रविधि अपनाई धान उत्पादनमा बृद्धि गरिएको छ ।

ख) सिंचाई सुविधा विस्तार ।

ग) किराबाट हुने नोक्सानी झारपात तथा रोग किराबाट हुने नोक्सानी न्यूनिकरण गरियो ।

घ) ६ वटा पम्पसेट, २५ वटा स्प्रे टंकी, ५ वटा मोटर, १ वटा रोटाबेटर उपलब्ध गराइएको छ ।

**धान वाली पकेट विकास कार्यक्रम**

क) ८० विगाहा जग्गामा सिंचाई सुविधा विस्तार, पंपसेट ४ थान ,स्प्रे टंकी ५ थान, ९० डेलिभरी पाइप वितरण ।

**विसादी सचेतना सम्बन्धी कार्यक्रमः**

क) ३० जना अगुवा कृषकलाई विषादी प्रयोग गर्दा ध्यानदिनु पर्ने कुराहरु र त्यसबाट हुने हानी नोक्सानीबाट बच्ने उपायको बारेमा तालिम । साथै जैविक विषादी प्रयोगमा जोड दिंदै आर्गेनिक उत्पादनमा जोड ।

ख) वडा नं. ४, ५, ६ र ७ मा एक वडा एक उत्पादन कार्यक्रम अन्तर्गत १२० जना अगुवा कृषकहरुलाई लहरे तरकारी खेती तालिम र विउ वितरण गरिएको छ ।

ग) पालिकाका सात वडामा २३ सय आँप, लिचि, कटहर कागती को विरुवा वितरण गरियो ।

**उपलब्धी**

- पालिकाको कृषि नीति २०७८ मा निर्माण भएको ।
- विउमा अनुदान वितरण गर्न वनेको कार्यविधि २०७७
- कृषि उत्पादनमा बृद्धि
- सिंचाई सुविधा विस्तार
- उत्पादन लागत कम हुँदै
- रासायनीक विषादीको प्रयोग गर्दा सुरक्षित गर्न थालिया ।

**सुझाव र चुनौती**

- ○ तत्कालै लाभ खोज्ने प्रबृद्धि हावी देखिएको ।
- ○ निःशुल्क अनुदान वढी खोज्ने वानीको विकास ।

**घ) पशु शाखा ( आ.ब२०७८।०७९ मा )**

१. पालिका भित्रका ४७८ घर परिवारका ५०७ गाईं, ८२३ भैंसी र २० वटा वाखा मा कृत्रिम गर्भाधारण सेवा प्रदान गरिएको छ ।
२. गोवर र पिसाव परिक्षण जम्मा १२७ वटाको गरिएको छ ।
३. पशु वन्ध्याकरण, २८४ र माइनर सर्जिकल सेवा १४१ वटा घरपरिवारको गरिएको छ ।
४. पालिका भित्रका २५०४ घर परिवारका जम्मा १७२०३ वाखा, १२०१ कुखुरा परेवा र हाँस र ३२०७ गाईको औषधी तथा सेवा परामर्श गरिएको छ ।
५. माछापालन गर्ने ७८० जना कृषकहरुलाई घरदैलोमै पुगी आवश्यक प्राविधिक सेवा प्रदान गरिएको छ ।

**पशु शाखाबाट कार्यक्रम संचालन गर्दाको उपलब्धी**

१. एक वडा एक उत्पादनमा पालिकाका ४ स्थानमा १२० जना माछा र भैसिपालन कृषक लाभांवित ।
२. ८८ जना व्यवसायीक पशुपालन कृषकलाई घाँसको विउ वितरण गरिएको ।
३. १२ जना व्यवसायीक कृषकलाई विद्युतिय च्यापकटर मेशिन वितरण गरिएको ।
४. मागमा आधारित १२० जना कृषकलाई तालिम प्रदान गरिएको छ भने कृषकलाई दुघ बोक्ने ६५ वटा क्यान वितरण गर्दा कृषकहरु लाभान्वित भएका छन् ।
५. १००० वाखामा भ्याक्सिनेशन गरिएको छ ।
६. व्यवसायीक गाइभैसी पालन गर्ने कृषकलाई नगद सहित सम्मान गरिएको छ । यसले कृषकलाई थप हौसला र प्रोत्साहन गरेको छ ।

**ग) स्वास्थ्य शाखा**

१. सात वटै स्वास्थ्य संस्थाहरुमा आरो फिल्टर जडान गरी शुद्ध पिउने पानीको व्यवस्था गरिएको
२. १२ बर्ष माथिका ३२,५०६ जनालाई कोभिड १९ विरुद्धको पूर्ण खोप लगाइएको ।
३. स्वास्थ्य संस्थामा आउने गर्ववती महिलाहरुलाई निःशुल्क क्याल्सीयम चक्की र झुल वितरण गरिएको छ ।
४. स्वास्थ्य संस्थामा हुने संक्रमण जन्य फोहरमैला व्यवस्थापनकोलागि सात वटै स्वास्थ्य संस्थामा एक एक वटा अटो क्लेभको व्यवस्था गरिएको छ ।

५. पालिका वासी २०३ जनाको निःशुल्क मोतिया विन्दुको शल्यकृया गरिएको छ ।
६. ५५ जना स्वास्थ्य स्वयंसेवीकाहरुको निःशुल्क स्वास्थ्य विमा गरिएको छ ।
७. मनरी स्वास्थ्य चौकीमा एक जना चिकित्सक भर्ना गरिएको छ ।
८. ६७५ जना गर्ववतीहरुलाई जीवन सुरक्षा सम्बन्धी तालिम दिइएको छ ।
९. स्वास्थ्य प्रयोजनका लागि घर धुरी सर्वेक्षण गरिएको । जसमा परिवार नियोजनका साधन प्रयोग गर्ने दर ४० प्रतिशत भन्दामाथि देखियो ।
१० तिलकपुर स्वास्थ्य चौकीमा प्रयोगशाला सेवा विस्तार गरिएको छ ।

**उपलब्धी तथा सुझाव**

१. ६ महिनासँग पूर्ण स्तनपान गराएका बच्चाहरु ७१ प्रतिशत पुगेको, १८० आइरन चक्की खाने गर्ववती महिला ८०प्रतिशत पुगेका,
२. २ बर्ष मुनिका बालबालिकाको औषत बृद्धि अनुगमन ७ पटक पुगेको ।
३. गंभीर कुपोषित बालबालिका निको हुने दर सतप्रतिशत पुगेको छ ।
४. गर्ववती अवस्थामा स्वास्थ्य संस्थामा ४ पटक गर्व परिक्षण गर्ने दर ८० प्रतिशत
५. मनरी र भुजहवा रहेको वर्थिङ्ग सेन्टरमा बच्चा जन्माउने २२ प्रतिशत रहेको । १८ बाट २२ पुगेको ।

**सुझाव**

१. स्वयंसेवीकाहरुलाई (स्वास्थ्य सूचक )सुत्रको आधारमा प्रोत्साहनको व्यवस्था गर्ने ।
२. स्वास्थ्य संस्थाहरुको समन्वयमा जनचेतनामूलक कार्यक्रमहरु संचालन गर्ने ।
३. व्यवस्थापन समितिहरु क्रियाशिल हुनु पर्ने ।
४. प्राप्त भएका स्वास्थ्य उपकरणहरु संचालनकालागि भवन, दक्ष जनशक्ति र तालिमको व्यवस्था गर्न सके प्रभावकारी हुने थियो ।

**घ) शिक्षा शाखा**

- बसन्त मा वि वासावसहिमा ४ कोठे भवन निर्माण चरणमा रहेको ।
- २ कोठे भवन विनोद निता कण्डेल वडा नं. ५ को बन्दै ।
- बालदिवसको अवसरमा गाउँपालिका स्तरीय वक्तृत्वकला प्रतियोगिता बालमत्री समाजको आधारःजिम्मेवार परिवार उत्तरदायी सरकार विषयमा सम्पन्न ।
- मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रम अन्गार्तग ९ वटा विद्यालयमा रंगरोग, खेलसामाग्री खरिद र वितरण  जनशक्ति विकास सम्बन्धी ५ वटा विद्यालयमा तालिम संचालन गरिएको । ६० लाख रकमको रहेको । पूर्वाधार तर्फ ३६ र २२ जनशक्ति विकास २ प्रशासनीक खर्च ।

- राष्ट्रिपति रनिङ्गसिल्ड प्रतियोगिता सवैखेलको आदर्श मावि. खोखरपुरालृ संचालन गरेको ।
- अनुगमनलाई निरन्तर गरिएको छ ।

**उपलब्धी**

- पन्चविर्षिय गाउँ शिक्षा योजना २०७९ निर्माण गरी कार्यपाविकाबाट स्वीकृत ।
- सामुदायिक तथा संस्थागत विद्यालयकालागि IEMIS (एकिकृत शैक्षिक व्यवस्थित सूचना प्रणाली) ३ दिने तालिम संचालनगरिएको जसमा ३२ जनाको सहभागीता रहेको थियो ।
- सामुदायिक विद्यालयका शिक्षक ३९ जना शिक्षकलाई आइसिटी, कार्यमूलक अनुसन्धान तथा पाठयोजना निर्माण सम्बन्धी ५ दिने तालिम संचालन गरी शिक्षकको क्षमता अभिबृद्धि गरिएको छ ।

**चुनौतिः**

- शाखामा जनशक्तिको अभाव प्रयाप्त बजेटको अभाव
- शिक्षकहरुलाई समय सापेक्ष तालिम चलाउन नसकिएको ।
- प्रअहरुलाई प्रविधिमैत्री वनाउन सकिएको छैन । जसले गर्दा सूचना प्रणाली राम्रो हुन सकेको छैन ।
- शैक्षिक उपलब्धी बृद्धि गर्न नसक्नु ( नतिजा प्रति शिषक जिम्मेवार नहुनु)
- अभिभावकलाई आफ्नो बालबच्चा प्रति वेवास्ता जस्तो हुनु ।

**सुझाव**

- आवश्यकता र प्राथमिकताका आधारमा बजेट विनियोजन ।
- जनशक्ति थप गर्ने,
- विद्यालय व्यवस्थापन समितिलाई सक्रिय वनाउनु उनीहरुलाई क्षमता अभिबृद्धि र तथा व्यवस्थापन तालिम संचालन गर्नु पर्ने छ ।

**ङ) महिला तथा बालबालिका**

- वडा नं.१ लाई बालमैत्री स्थानीय शासन घोषणाको अन्तिम चरण (सूचक ५१ वटा सूचकमा अभ्यास गरीएको ।
- पालिकाका सवै वडामा बालक्लव गठन पुनःगठन वडा वाल संजाल गठन गरिएको साथ अभिमुखि करण गरिएको ।

- लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा महिला शशक्तिकरण, अभिमुखिकरण र अन्तरक्रिया कार्यक्रम गरियो । ( कार्यक्रममा ६१२ जना महिलाहरुलाई समावेश रिएको छ )
- वडा नं. ६ र ७ का ४० जना महिलाहरुलाई गुडिया वनाउने सीपमूलक तालिम प्रदान गरिएको छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति २०७९ पास गरी वेव साइटमा पनि राखिएको छ ।
- दाइजो प्रथा तथा लागू औषध विरुद्धको लघु चलचित्र निर्माण गरी ७ वटै वडामा प्रदर्शन गरिएको छ ।
- वडा नं. ५, ६ र ७ मा स्वास्थ्य आमा समूह पुनः जागरण कार्यक्रम संचालन गरी आमाहरुलाई स्वास्थ्यको क्षेत्रमा अगाडि वढाउने काम गरिएको ।

### च) खानेपानी तथा सरसफाई

- वडा नं. ६ को मधवलीया डुवान ग्रसित क्षेत्रमा अग्लो टंकी वनाई पानी आपूर्ति गर्ने योजना सम्पन्न हुने अवस्थामा छ ।
- १० वटा सामुदायिक विद्यालयमा शुद्धपानिको व्यवस्था गर्न आरो फिल्टर वितरण गरीएको छ
- सवै सामुदायिक विद्यालयमा २ लाख बराबरको सरसफाई सामाग्री वितरण गरिएको ।
- सरसफाई सप्ताह अन्तर्गत वडा नं १ मा बृहत सरसफाई कार्यक्रम सम्पन्न गरिएको छ ।
- खानेपानी आयोजनाको अवस्थाको कुरा गर्दा १५ वटा आयोजना छन् भने ५ वटा आयोजनाबाट खानेपानी आपूर्ति भइरहेको छ ।
- सरवाल गाउँपालिकाले २०७९ पुष २५ गते टोलविकास संस्था गठन गर्ने कार्यविधि पास गरी वडा नं. १ र २ का १७ वटा टोलहरुमा टोल विकास संस्था गठन गरी संस्थाका १६० जना पदाधिकारीहरुलाई अभिमूखिकरण गरियो ।

## ७. गत आ.ब. २०७८।०७९ मा भए गरेका मुख्य उपलब्धी (भौतिक, वित्तिय र सामाजिक)

आ.ब. २०७८।०७९ मा भएका मुख्य उपलब्धीलाई पालिका र वडा स्तरमा भएको भौतिक वित्तिय र सामाजिक क्षेत्रका मुख्य उपलब्धीहरु ।

### ७.१. गाउँपालिका स्तरका

१. स्वास्थ्य क्षेत्रमा भुजहजा, मनरी, सरावल र तिलकपुरबाट ल्याव संचालन भएको ।

२. सरावल गाउँपालिकाको स्वास्थ्य नीति २०७९ पारित गरिएको छ, भने २१ जना स्वास्थ्यकर्मीहरुलाई मनोमर्शतालिम संचालन गरिएको छ ।

३. सरावल ५ मा १५ शैयाको अस्पताल भवन निर्माणकोलागि जग्गा किटान गरिएको ।

४. सरावल २ को मनरीमा घोलपुल निर्माणको शुरुवात ।

५. प्रदेश सरकारसँग समन्वय गरी पालिकाको खानेपानी योजनालाई प्राथमिकता दिइएको ( पटनी खानेपानी, पिपरा खानेपानी)

**७.२. वडा स्तरका**

**वडा नं. १ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- तुलसीनगरमा गायत्री मन्दिर निर्माण ।
- तिलपुरमा बालभवन निर्माण तथा बालबालिका तथा महिलाहरुलाई क्षमता विकास तालिम ।
- खोखरपुरा स्कूलमा भवन निर्माण ।
- बसन्त मा.वि. थप कोठा थपिएको ।
- जेष्ठ नागरिक तथा अपाङ्गता भएका व्यक्तिहरुलाई वडा बाट सम्मान कार्यक्रम
- बसही खेल मैदानलाई व्यवस्थित गरिएको ।
- सिमलटारी देखि पथरहिया जाने बाटो ट्र्याक खोलिएको ।
- पंचनगर र तिलकपुर जोडिने कल्भर्ट निर्माण सम्पन्न भएको ।

**वडा नं. २ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- मनरी कोटही माई जाने बाटो ग्राभल भएको ।
- जावाको बालउद्यान निर्माण कार्य गरिएको ।
- आयुवेद औषधालय भवन निर्माण भई संचालनमा रहेको ।
- बडालाई बालमैत्री घोषणाको लागि तयारी अवस्थामा रहेको ।
- दङ्गियामा २ कोठे भवन निर्माण सम्पन्न ।
- जावाको पर्यटकीय ककरपत्तनगरको डिपिआर अनुसार क्रमागत रुपमा काम गरिंदै ।
- खोखरपुरामा ध्यान केन्द्र निर्माण ।

**वडा नं. ३ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- वर्गदवा नदिमा रिटर्निङ्गबाल निर्माण
- किसाहरुलाई सजिलोकोलागि बोरिङ्ग जडान गरिएको ।
- गर्ववती महिलाहरुकालागि पोषण भोला वितरण गरिएको ।
- युवा युवतीहरुलाई उद्घोषण तालिम तथा सीपमूलक तालिम संचालन गरिएको ।
- भुजहवा टोलमा आसिसि ढलान गरिएको साथै वर्दघाटे मन्दिरमा पनि ढलान गरिएको ।
- वौद्ध विहारमा गेट निर्माण कार्य गरिएको ।
- धनेवा खोलामा रिटेनिङ्ग बाल निर्माण ।

**वडा नं. ४ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- हात्तिवनमा वजार व्यवस्थापनकार्य सम्पन्न भएको ।
- ललितपुर गाउँमा आर.सि.सि. ढलानको काम सम्पन भएको ।
- गोवरहिया चोकदेखि वडहरा सडक कालोपत्रे भएको ।

**वडा नं. ५ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- वडा कार्यालयको भवन मर्मत सम्हार गरिएको ।
- ठूलो दुवौलिया टोलमा आरसिसी ढलानको काम सम्पन्न गरिएको ।
- कृषकहरुलाई कृषि सम्बन्धी तालिम र सहकारी शिक्षा सम्बन्धी तालिम संचालन गरिएको ।
- वडा भित्रका १७५ जना जेष्ठ नागरिहरुलाई सम्मान कार्यक्रम गरिएको ।
- पशुमा रोग लाग्न नदिन म्याक्सिनेश सेवा १००० भन्दा वढीमा गरिएको छ ।

**वडा नं. ६ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- विपद व्यवस्थापनमा ३० लाखको धनेवा खोलामा साइफन र अरु पुरानो दुईवटा साइफनमा चेकवालको व्यवस्था ।
- भुजहवा प्रहरी चौकीको पर्खाल निर्माण र आर सि सि ढलान
- भुजहवा मा +२ र गडौरी मा.वि.मा कक्षा व्यवस्थापन र प्लास्टरको काम र पुसौलीको जनजागृती आधारभूत विद्यालयमा वाउन्ड्रीवाल निर्माण
- वटसारदेखि गडौरी जोड्ने नयाँ कृषि सडकको निर्माण भएको ।

- धनेवा खोलाको बाँध मर्मत गरेको ।
- मधवलिया टोलमा आर.सि.सि. ढलान गरिएको ।

**वडा नं. ७ मा आ.ब. २०७८।०७९ का मुख्य उपलब्धीहरु**

- वर्गदवा नदिमा रिटनिङ्गवाल निर्माण गरिएको ।
- किसानहरुलाई कृषिकर्मका लागि बोरिङ्ग जडान गरिएको ।
- गर्ववती महिलाहरुलाई पोषण झोला वितरण गरिएको ।
- युवा युवतिलाई लक्षित गरी उद्घोषण तथा सीपमूलक तालिम संचालन गरिएको ।
- धनेवा खोलामा रिटनिङ्ग वाल निर्माण गरिएको ।
- बर्दघाटे मन्दिरमा आर.सि.सी ढलानको काम गरिएको ।
- बौद्ध विहारमा गेट निर्माण कार्य सम्पन्न गरिएको थियो ।

## ८. चालु आ.ब.०७९।०८० मा भएका महत्वपूर्ण योजनाको स्थलगत अवलोकनको नतिजा

**सरावल गाउँपालिका वडा नं १ देखि वडा नं. ७ सम्मका विभिन्न महत्वपूण योजनाको स्थलगत अवलोकन गरी पाइएको नतिया यहाँ उल्लेख गरिएको छ ।**

| क्र. सं. | वडा नं. | योजनाको नाम | ठेकेदार/उपभोक्ता | योजनाको स्तर | कबोल रकम | सेवा ग्राहीको प्रतिक्रिया |
|---|---|---|---|---|---|---|
| १ | १ | तुलसीनगर पथरहिया सडक कालो पत्रे ( समपुरक अनुदान) | जीवन श्रेष्ठ–मानुषी कन्स्ट्रक्सन वर्दघाट ९ | | ७०,३५,०४४ | ● गिता चौधरी, तिलकपुर, – पिच बाटो निर्माण हुँदा हिलाम्मे समस्याबाट समाधान हुन्छ ।<br>● रन्जु थारु, तिलकपुर– योभन्दा पहिले बाटो साँगुरो साथै होंचो हुँदा बाटोमै पानी वग्ने समस्या थियो अव समाधान हुन्छ । |
| २ | १ | भगडा–ढल निकास, किरणको घरदेखि पश्चिम घोला सम्म | धर्मेन्द्रकुमार चौधरी–ढल निर्माण उपभोक्ता समिति | | ८,००,००० | ● तुलाराम चौधरी, सरावल १–ढल वनेपछि पानी जम्ने समस्या समाधान भएको छ ।<br>● अर्जुन चौधरी, सरावल १–बाटो फराकिलो पनि भयो, आवतजावतमा सहज भएको छ । राम्रो भयो हामी  खुसी छौं । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | १ | वडा कार्यालय अगाडिदेखि बुद्धिमाया चौधरीको घर सम्म ढल निर्माण | राजेश चौधरी– वडा कार्यालय तिलकपुर महिला सहकारी भवन ढल निर्माण उपभोक्ता समिति | | २०,००,००० | • |
| ४ | १ | तुलसीनगर बाटो ग्राभेल मनरखमी कल्भर्टदेखि दक्षिण पूर्व भूताहा जोडिने सडक | भरत थापा– तिरुपती निर्माण सेवा | | १०,००,००० | • |
| ५ | १ | मनकामना मन्दिर जाने बाटो स्तरोन्नती | | पालिका | १०,००,००० | **गुनासो**: बजेटको अभावले कल्भर्ट र बाटोमा ग्राभल हाल्न नसकेने अवस्था । |
| ६ | २ | मनरी प्रगतिटोल अरसिसी ढलाल | जवाहरलाल कोइरी–मनरी प्रगतिटोल आरसिसि डलाल उपभोक्ता समिति | पालिका | ६,००,००० | • मनोजकुमार चौधरी, मनरी – पहिले हिलो थियो अहिले सुविधा भयो ।<br>• सितादेवी थारु, मनरी– आवतजावतम सजिलो भएको, नजिकै सहकारी छ दिदिवहिनीहरुलाई निकै सजिलो भएको छ ।<br>**सुझाव**: काम राम्रो छ तर योजना थोरैको भयो, साथै भित्र गाउँसम्म ढलान नहुँदा समस्या अझै बाँकी छ । |
| ७ | २ | अधुरो आयुर्वेद भवन पुरा गर्ने कार्य | मनोहर कन्ट्रक्सन | पालिका | २९,०१,७३३ | • दिलकुमारी थारु, अटरहटी– नजिकै हुँदा सेवा लिन सजिलो ।<br>• नि:शुल्क र औषधीको व्यवस्था हुने भएकोले गरिव किसानकालागि एकदमै सजिलो भएको ।<br>• गिता चौधरी, सरावल २– राम्रो र सुविधायुक्त भवन देख्न पाइयो खुसीनै छौ ।<br>**सुझाव**: भवन बनेको तर औषधीको अभाव रहेकोले सेवाग्राही फर्केर जाने समस्या रहेको छ । |
| ८ | २ | शिवमन्दिर निर्माण सरावल २, मनरी | सत्यनारायण चौधरी– शिवमन्दिर निर्माण सरावल २ मनरी उपभोक्ता | पालिका | ७,५०,००० | • भेषनारायण चौधरी, मनरी– सफासुध्धर भएको जसले वढी भक्तजन आउने गरेको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समिति | | | ● निर्मला चौधरी, मनरी–गाउँमा एउटा राम्रो मन्दिर गाउँपालिकाले वनाएको छ ठीक छ ।<br>● मिना राय, तिलौली–मन्दिरको महिमा व्यापक भएकोले टाढा भएपनि पुजा गर्न आउने गरेको ।<br>**सुझावः** मन्दिरको काम राम्रो भएपनि छत ढलान, ट्वाइलेट बाथरुमको व्यवस्था नरहेको । |
| ९ | २ | दङ्गिया टोलमा पश्चिम तर्फको बाटो ग्राभल (दङ्गिया गाउँदेखि जावाजाने बाटो ) | लालमोहर गुप्ता– दङ्गिया टोल पश्चिम तिरको बाटो ग्राभेल उपभोक्ता समिति | पालिका | १०,००,००० | ● |
| | २ | जावाचक्रदाहा कुलदेवी भलुही खोलासम्म सडक स्तरोन्नती | | पालिका | १५,००,००० | ● |
| १० | ३ | महेन्द्र मा.वि.को अधुरो वाउण्ड्री निर्माण | राधाकृष्ण चौधरी– महेन्द्र मा.वि.को अधुरो वाउण्ड्री निर्माण उपभोक्ता समिति | पालिका | १०,००,००० | ● सुरेन्द्र प्रसाद चौधरी–विद्यालयको सुरक्षा तथा सुरक्षित विद्यार्थी हुन्छ ।<br>● अनुजकुमार गुप्ता– विद्यालय समयमा विद्यार्थीहरु बाहिर जान पर्ने, शान्त वातावरण हुने, विद्यालयको सुरक्षा पनि हुने । |
| ११ | ३ | दलित महिला भवन निर्माण | ठगनीदेवी चमार– दलित महिला भवन निर्माण उपभोक्ता समिति | पालिका | १०,००,००० | ● कोशिल्या वि.क–दलित महिलाहरुको बैठक तथा सभा सम्मेलन गर्न सजिलो हुने भयो । |
| १२ | ३ | महुवामा बाटो आरसिसि ढलान | नेत्रकुमार थारु– महुवा बाटो आरसिसि ढलान उपभोक्ता समिति | पालिका | ८,००,००० | ● |
| १३ | ४ | हात्तिवन छठघाट निर्माण | सन्तराम केवट– छठघाट निर्माण उपभोत्ता समिति | वडा र पालिका | ५,००,००० | ● उमेश यादव, सरावल ४– भक्तजनहरुको व्यवस्थिति हुने ।<br>● पूजापाठ गर्दा सफासुन्दर देखिने हुन्छ ।<br>**सुझावः** छठघाट निर्माण भएकोले छठमा व्रत वस्नेहरुकोलागि निकै सजिलो भएको छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १४ | ४ | डिपट्यूवेलसम्म जाने बाटो स्तरोन्नती | दानवहादुर चौधरी–बाटो स्तरोन्नती उपभोक्ता समिति | वडा र पालिका | १०,००,००० | ● अजय गौंड सरावल– किसानलाई आवतजावत र खेति कार्यगर्न सजह हुने ।<br>● सन्दिप चौधरी, सरावल–आवत जावत गर्न सजिलो हुन्छ । |
| १५ | ४ | गोवरहिया भुजहवा सडक कालो पत्र | अलिजा कष्ट्रक्सन सरावल ४ | पालिका | ३५८४७०२ | ● मोहन यादव, ललितपुर– बाटो कालोपत्रे हुँदा हिडडुलमा सहज भएको छ । खाल्डाखुल्डीको निकै समस्या थियो । |
| १६ | ४ | मंगलापुर अधुरो सडक कालोपत्र पुरा गर्ने कार्य | ओम शिवम् निर्माण सेवा रामग्राम २ | | १९,५९,२१६ | ● नूर आलम, सरावल–सडक पिचहुँदा केहीदुरीसम्म यात्रा सहज भएको छ । |
| १७ | ५ | विनोद निता कण्डेल आधारभूत | भवन निर्माण उपभोक्ता समिति | पालिका र संघ | २७,५०,००० | ● मोहन कोइरी, शिक्षक –सुविधा सम्पन्न विद्यालय बन्दा अध्यापनमा सजिलो हुने । तर काम समयमा हुन सकेन ।<br>● रमेशकुमार गुप्ता, शिक्षक– जिर्ण अवस्थाको भवन नयाँ बन्दा निकै राम्रो भएको छ ।<br>**सुझाव:** समयभित्र योजना सम्पन्न हुने पर्ने साथै विद्यालयमा शुद्ध खानेपानीको तत्कालै व्यवस्था हुनु पर्ने । |
| १८ | ५ | वडहरादुवैलिया स्वास्थ्य चौकीमा क्लक विछाने काम | प्रशुराम राजभर–उपभोक्ता समितिबाट<br><br>(उपभोक्ता समितिले मुल गेटको प्रवाह नगरी क्लव विछाउने काम गरेकोले कण्डम वक्स चोरी भएछ, थप चोरी हुने सम्भावना) | वडा | २,००,००० | ● वन्धु यादव, सरावल– सफा र सुन्दर भएको छ ।<br>● सहिद देवान, सरावल– चौकी परिसरमा क्लक लगाउँदा सफा सुन्दर देखियो तर राम्रै मूल गेट भने विगारेको ले काम ठिक भएन ।<br>● जलेखा देवानी, सरावल–स्वास्थ्य संस्थामा २४ घण्टा सेवा पाउनु पर्ने र तत्कालै स्वास्थ्य चौकीको गेट बनाउनु पर्ने ।<br>**सुझाव:** स्वास्थ्य चौकीमा क्लक राख्ने काम निकै सराहनीय छ तर उपभोक्ता समितिले चौकीको राम्रो गेटलाई जिर्ण अवस्थामा पुऱ्याइ दिएको छ । त्यो राम्रो भएन । गेट नहुँदा कण्डम वक्सको चोरी भएको । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १९ | ५ | विनोदनिता कण्डेल आधारभूत विद्यालय ३ कोठे भवनको वाल निर्माण | जवाहिर यादव – आधारभूत विद्यालयको ३ कोठे भवन वाल निर्माण उपभोक्ता समिति | वडा | ३,००,००० | • रामलखन विन, सरावल –कोठाको अवभाव थियो वनेपछि राम्रो भएको छ । |
| २० | ५ | गाउँपालिका १५ वेड अस्पतालको तारबार | कोशल चौधरी– १५ वेड अस्पतालको तारबार उपभोक्ता समिति | पालिका | ८,००,००० | • रामनरेश कहाँर,धनगढवा– अस्पतालको जग्गा संरक्षणकालागि तारबार निकै महत्वपूण भएको छ ।<br>• वडाका केहीपरिवार वसोबास गर्ने गरेको ठाउ भत्कीएकोले आफन्त दुखी भएका छन् । थप व्यवस्थापन वडाअध्यक्ष वा पालिका अध्यक्षले गरिदिनु पर्ने भनाइ राखेका थिए । |
| २१ | ५ | धनपोखरा ताल सौन्दर्यकरण | शम्भु प्रसाद चौधरी– | प्रदेश | १०,००,००० | • मनोज मालि, सरावल–पोखरी संरक्षणमा वालले महत्वपूर्ण काम गरेको छ ।अव छेउछाउँको माटो कटान हुँदैन र सुन्दर पनि देखिएको छ ।<br>• किसन चौधरी, सरावल– पोखरीमा चारैतिरबाट वाँध वाध्न पाए पोखरीको सौन्दर्यकरणमा फाइदा हुने थियो भने पानी पनि वाहिर जान पाउँदैनथ्यो ।<br>**सुझाव:** पोखरीको एकातर्फमात्र रिटर्निङ्गवाल निर्माण गरेर नहुँने भन्दैवाँकी सवै क्षेत्रमा पनि वाल लगाउने योजना आउनु पर्छ । |
| २२ | ५ | ठूलोदुवौलिया टोलमा(पूर्वटोल) आरसिसि ढलान | | संघ | | • |
| २३ | ६ | वडसार सडक आरसिसि ढलान | पशुपती यादव– वडसार सडक आरसिसि ढलान | वडा पालिका | ३,००,००० | • रामश्री केवट, वटसार– सडक वनेपछि हिलाम्मे सडकबाट मुक्त भयौ ।<br>• जयराम केवट, बटसार– वाटो ढलान हुँदा गाउँको सुन्दरता बढेको छ । केही गुनासो छैन । |
| २४ | ६ | जनजागृती आधारभूत विद्यालय तारबार | सफिमुल्लाह अन्सारी– | वडा र पालिका | ५,००,००० | • अशोककुमार गौतम, सरावल– विद्यालयको फिल्डको संरक्षण भएको छ । विद्यार्थी र विद्यालयको सुरक्षा भएको छ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ● शुशिल यादव, सरावल– विद्यार्थीहरु र हामी सवैलाई सहज भएको छ, निकै राम्रो काम भएको छ । तर ग्राउण्डमा खाल्डाखुल्डी भएकोले पुर्नु पर्ने छ, विद्यालयको भवन जिर्ण भएकोले वनाउनु पर्ने छ । |
| २५ | ६ | वडा नं. ६ स्वास्थ्य चौकी वर्थिङ्ग सेन्टर निर्माण | हरि यादव– रामग्राम निर्माण सेवा | पालका र प्रदेश | ४९,००,००० | ● सुवास यादव, सरावल– सवैलाई स्वास्थ्य सेवा लिन सजिलो हुने । <br>● अशोक हरिजन, सरावल– स्वास्थ्य सेवाकोलागि नागरिकहरु टाढा जानु नपर्ने भयो । |
| २६ | ६ | नौडिहवा टोलको पूर्व धनेवा नदिमा साइफन निर्माण | भिनकु सिंह चौधरी–धनेवा नदी साइफल निर्माण उपभोक्ता समिति | वडा र प्रदेश | ३०,००,००० | ● सुरेन्द्र केवट, सरावल– साइफन निर्माणले बर्षाको बेलामा पानी जम्मा हुने र वाढीको डर हट्यो । <br>● विरेन्द्र यादव, सरावल– किसानहरुले रोपेको धान र अन्य खेती नडुब्ने र खेती गर्न सहज होला भन्ने विश्वास छ । |
| २७ | ६ | नदि तटबन्ध मर्मत नौकट्टी पुलदेखि पुसौली कालिका मन्दिरसम्म | उमेश गुप्ता– नदि तटबन्ध मर्मत उपभोक्ता समिति र विरेन्द्र कुर्मी–ग्राभेल उपभोक्ता समिति | वडा र पालिका | ५,००,००० <br>३००,००० | ● अशोककुमार गौतम–कटानको समस्या समाधान । <br>● गजेन्द्र यादव– नौकट्टी र पुसौली जोडिएकोले आवतजावतमा सहज भएको छ । |
| २८ | ७ | स्वास्थ्य चौकी भवन निर्माण | बेचन प्रजापती– ज्योती कन्ट्रक्सन, पाल्हीनन्दन २ न.प. | प्रदेश | ९३,००,००० | ● दिनेश केवट, सरावल–आफ्नै गाउँठाउँमा स्वास्थ्य चौकी निर्माण भएपछि सेवाकोलागि टाढा जानु पर्ने वाध्यताबाट मुक्त हुने आशा । <br>● सवधरा केवट, सरावल– महिलाहरुलाई स्वास्थ्य चेकजाँचमा सहज होला । <br>● तुफानी केवट, सरावल– औषधी तथा महिलाहरुको प्रसुती सेवामा सहज हुन्छ भन्न आशा छ । <br>**सुझाव**– स्वास्थ्य चौकी समयमै वनाउने र एम्बुलेन्सको पनि व्यवस्था गर्नु पर्छ । |
| २९ | ७ | बर्दघाटे कालिका | दुर्गेश यादव– | पालिका | २०,००,००० | ● सकुन्तला कोइरी–धर्मशाला बन्दै |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | मन्दिर धर्मशाला निर्माण | वर्दघाटे कालिका मन्दिर धर्मशाला निर्माण उपभोक्ता समिति | | | छ, यसले भक्तजनलाई बास वस्न पर्यो भने सजिलो हुने भयो ।<br>● सुदामा दास यादव(पुजारी) – पुजारी वा अन्य भक्तजन वस्ने ठाउँ थिएन भवन वनेपछि वासको लागि सहज हुने भयो ।<br>**सुझावः** मन्दिर परिसरमा सरसफाई गर्नु पर्ने । खानेपानीको व्यवस्था गर्नु पर्ने भोजभतेरको लागि छुट्टै भवनको प्रवन्ध गर्नु पर्ने । |
| ३१ | ७ | ठूलो वर्गदवा आरसिसी बाटो ढलान | मोहरम अलि–ठूलो वर्गदवाटोल आरसिसी ढलान उपभोक्ता समिति | वडा | ६,००,०० | ● कलावती केवट– वाढी आउँदा हिलो हुन्थ्यो अव सजिलो हुने भयो । विवाद थियो १२ फूटमा सहमति भएको छ ।<br>● रामजी केवट– वाटोमा खाल्टो थियो । अव समाधान हुने भयो । १२ फिट वन्दै छ। कुनै गुनासो छैन सवै ठीक छ ।<br>**सुझावः** बाटोसंगै नाला पनि भएको भए अझ राम्रो हुने थियो, अव नालाको योजनाको लागि पहल गर्नु पर्छ । |

## ८.१ चालु आ.ब. २०७९।०८० मा भए गरेका महत्वपूर्ण कामहरु

### आर्थिक प्रशासन शाखा

चालु आ.ब. २०७९।०८० मा जेठ मसान्तसम्मको सरावल गाउँपालिकाको विभिन्न शीर्षकमा भएको आन्दानी र खर्चको विवरण यस प्रकार रहेको छ ।

### आम्दानी तर्फ

- चालु आ.ब. मा संघीय सरकारको समानिकरण अनुदान, शसर्त अनुदान र विशेष अनुदान गरी जम्मा रकम रु.३७,१३,९६,००० अनुमान गरिएकोमा रु. ३३,८५,२८,००० अर्थात ९१.१५ प्रतिशत आम्दानी भएको छ ।
- चालु आ.ब.मा लुम्बिनी प्रदेश सरकारको समानिकरण अनुदान शसर्त अनुदान र विशेष अनुदान गरी जम्मा रु ३,८१,७१,००० अनुमान गरिएकोमा रु. २,८२,७१,००० अर्थात ८४.०६ प्रतिशत आम्दानी भएको छ ।

- पालिकाको आन्तरिक राजश्व बाँडफाँडबाट जम्मा रु. ११,७४,४३,००० अनुमान गरिएकोमा रु. ६,१७,२६,४६५ अर्थात ५२.५६ प्रतिशत आम्दानी भएको छ ।
- चालु आ.ब.को पालिकाको आन्तरिक श्रोतबाट १३,९०,६१,६६६ अनुमान गरिएकोमा रु. १३,७२,७७,९८३ अर्थात ९८.७२ प्रतिशत आय भएको छ ।

**खर्च तर्फ**

- चालु आ.ब.मा चालु शीर्षक तर्फ खर्च जम्मा रु.३९,६७,५३,१९९ अनुमान गरिएकोमा रु.२५,६४,५७,६५८ अर्थात ६४.६४ प्रतिशत खर्च भएको छ ।
- पूँजीगत खर्च तर्फ जम्मा रु.२६,९३,१८,४६७ अनुमान गरिएकोमा रु. ११,३०,३८,१०० अर्थात ४१.९७ प्रतिशत खर्च भएको छ ।

**योजना तथा मूल्याङ्कन शाखा**

- चालु आ.ब. २०७९।०८० मा सरावल गाउँपालिकामा कुल योजना ७२५ रहेका छन् । जसमा पालिका स्तरीय ३२९ र वडा स्तरीय योजनाहरु २३६ वटा रहेका छन् । यस्तै संघीय सरकार शसर्त १५० वटा र लुम्बिनी प्रदेश स्तरीय १० वटा रहेका छन् ।
- सरावल गाउँपालिकाको चालु आ.ब. २०७९।०८० को जेष्ठ मसान्तसम्मको विभिन्न योजनामा पालिकाको खर्चलाई हेर्दा आन्तरिक तर्फ ४८.९४ प्रतिशत खर्च भएको छ । भने संघीय तर्फ चालु र पूँजिगत गरी ६७.३१ प्रतिशत खर्च भएको छ । यसैगरी प्रदेश सरकार चालु र हस्तान्तरितबाट भएको खर्चलाई हेर्दा ५१.१९ प्रतिशत खर्च भएको छ ।

**पालिका स्तरीय न्यायिक समिति**

- सरावल गाउँपालिका चालु आ.ब.मा पालिकामा न्यायीक समितिले सक्रियताका साथ काम गरेको छ । चालु आ.ब. २०७९।०८० को जेष्ठ मसान्तसम्मको तथ्याङ्कलाई हेर्ने हो भने जम्मा १२३ वटा मुद्दा दर्ता भएका थिए । जसमध्ये ४२ वटा मुद्दामा पालिकामै मेलमिलापको विधिप्रयोग गरी समाधान गरिएको छ । १२ वटा मुद्दा जिल्ला अदालत परासीकालागि पठाइएको छ भने अझै ६६ वटा मुद्दा प्रकृयामा रहेका छन् । जम्मा १२३ मध्ये ३ वटा मुद्दा पालिकामै बन्द भए ।

- पालिकामा आएका मुद्धाहरुको विश्लेषण गर्दा वढी जग्गा र लेनदेनसम्बन्धी तथा अन्य झैझगडा पनि आउने गरेको पाइयो ।

**९. गत आ.ब.०७८।०७९ को सरावल गाउँपालिकाका मूख्य समस्या र चुनौतहरु**

**गत आ.ब.मा सरावल गाउँपालिकाका मूख्य समस्या र चुनौतीहरुलाई निम्न रुपमा प्रस्तुत गरिएकोछ**

- पूँजिगत खर्च अपेक्षिकृत रुपमा पुरा हुन नसक्नु ।
- चालु प्रकृतिका कार्यक्रममा जनप्रतिनिधि तथा कर्मचारीहरुको विशेष रुची हुनु ।
- शसर्त तर्फका आयोजना तथा कार्यक्रममा कर्मचारी तथा पदाधिकारीहरुको ध्यान नजानु ।
- लामो झन्झटिलो खरिद प्रकृयाका कारण परिणाम निकाल्न गाह्रो ।
- योजना कार्यान्वयनमा ठेकेदारहरुको लापरवाही र लाभग्राहीको उदासिनता ।
- योजना पूर्वको पूर्वतयारीको अभाव ।
-

**१०. समस्या समाधानकालागि पालिकाले चाल्नु पर्ने कमदहरुमा सुझाव:**

- भौतिक संरचना (भवन निर्माण बाटो सम्बन्धि) स्पष्ट मार्ग दर्शन सहितको बजेट र अख्तियारी उपलब्ध गराउनुपर्ने ।
- संघीय तथा प्रादेशिक कानुनहरु छिटो उपलब्ध गराउनुपर्ने तथा स्थानीयतहलाई कानुन निर्माण सम्बन्धमा पर्याप्त र यथेष्ट मार्ग दर्शन तालिम र बजेटको व्यवस्था हुनुपर्ने ।
- पालिकाको संगठन संरचना र जनशक्ति व्यवस्थापनलाई यथाशक्य पुर्णता दिनुपर्ने ।
- संघ तथा प्रदेशबाट स्थानीय तहलाई आउने राजश्व बाँडफाँडको रकम स्पष्ट तथ्यांक सहित नियमित र समयमै उपलब्ध हुनुपर्ने ।
- स्थानीय जनप्रतिनिधिहरु, उपभोक्ता समितिका सदस्यहरुलाई सहभागी सहभागी गराएर पालिका स्तरीय अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।
- वार्षिक रुपमा गरिने विकास निर्माण र सेवा प्रवाहलाई वार्षिक गाउँ विकास योजनामा उल्लेख गरिनु पर्ने ।
- जनसहभागितामा आधारित विकासका कामहरुलाई अझ प्रभावकारी र प्राथमिकता दिनु पर्ने ।
- योजना निर्माण गर्दा र योजना कार्यान्वयन गर्दा अनुगमन सुपरिवेक्षणमा व्यापक जनसहभागिता जुटाएर सञ्चालन गर्ने ।

- गरिब, विपन्न तथा एकल महिला र फरक क्षमता भएको नभएका व्यक्तिहरुको पहिचान गरी प्राथमिकताका आधारमा आत्मनिर्भर हुने कार्यक्रमहरु सञ्चालन गर्नमा जोड दिने ।
- विभिन्न आमसंचार माध्यमको प्रयोग गरी विगतमा जस्तै सरावल गाउँपालिले आगामी दिनहरुमा हुने हरेक क्रियाकलापहरुको बारेमा गाउँवासीहरुलाई जानकारी गराउने प्रभावकारी संयन्त्र तयार गर्नु पर्ने ।
- वडा भेलाबाट पारित योजनाहरुलाई नै प्राथमिकता दिनु पर्ने ।
- गाउँपालिकाले आफ्नो जिम्मामा रहेको सबै भौतिक सम्पत्तिहरुको विवरण अद्यावधिक गर्नुपर्ने ।
- खानेपानी र सरसफाईको क्षेत्रमा दिगो कार्ययोजना तयार गरी नागरिक समाजलाई समेत परिचालन गर्नु पर्ने ।
- गाउँपालिकाको खेलकूद क्षेत्रको विकासकालागि गाउँपालिका स्तरीय खेलकूद विकास समितिको गठन गर्नु पर्ने ।
- कृषि उत्पादनलाई वढाउँदै निर्माण सम्पन्न भएको कृषि उपज संकलन केन्द्रलाई स्थानीय कृषि सहकारी संस्थाहरुलाई परिचालन गरी संचालनमा ल्याउनु पर्ने ।
- कृषि, वन र उद्यमशीलताको क्षेत्रबाट सरावलको आफ्नो पहिचान स्थापित गर्न लघु, घरेलु तथा साना उद्यमीहरुसँगको सहकार्यमा कोशेली घर संचालन गर्ने ।
- सरावल गाउँपालिकाको सेवा प्रवाह र विकास निर्माणलाई लक्षित गरी आर्थिक बर्षको अन्त्यसँगै “सरावल बुलेटिन” प्रकाशन गर्ने ।

## ११. निष्कर्षः

सामाजिक परिक्षण पालिकाको आर्थिक, भौतिक र सामाजिक कार्यसम्पादनको मापन गर्ने एक औजार हो । सामाजिक परिक्षणले गाउँपालिका, वडा र अन्य सेवा प्रवाह तथा लाभान्वित वर्गबीच सकारात्मक वातावरण सृजना गर्ने गर्दछ । जसले लक्षितवर्गलाई प्रदान गरिएको सेवाको गुणस्तर पहिचान हुन्छ भने जनप्रतिनिधि र सेवा प्रवाहमा संलग्नकालागि यो एउटा महत्वपूर्ण पृष्ठपोषण गर्ने माध्यम पनि हो ।

सरावल गाउँपालिकाको आ.ब.२०७९।०८० को सामाजिक परिक्षण कार्यको जिम्मेवारी ग्योलेक्सी सीप प्रशिक्षण केन्द्रले प्राप्त गरेसँगै विभिन्न चरणमा पालिकाको आ.ब.२०७८।०८९ को

बार्षिक नीति तथा कार्यक्रमको समिक्षा तथा बार्षिक बजेटको अध्ययन गरी प्रतिवेदनमा समेटिएको छ । साथै पालिकाका विभिन्न विषयगत क्षेत्रहरुको प्रगति र कार्यक्रमहरुलाई पनि विश्लेषण गरी समस्या र समाधानको उपायहरुमा सुझाव प्राप्त भएको छ । गाउँपालिकाका सात वटै वडामा ३१ वटा सर्वेक्षण फारम भरी योजनाको कार्यान्वय, नागरिकको सहभागीता तथा सुझावहरुलाई प्रतिवेदनमा समेटिएको छ ।

सामाजिक परिक्षण एक पटक गरेर सकिने विषय नभएकोले यसको पटक पटक विषयगत परिक्षण गर्नु पर्ने हुन्छ भने यसबाट प्राप्त भएको नतिजालाई सार्वजनिक गर्दा यसको महत्व झनै बढेर जान्छ । चाल आ.ब.२०७९।८० मा गरिएको सामाजिक परिक्षण कार्यमा सहयोग गर्नु हुने पालिकाका विषयगत शाखा प्रमुखज्यूहरु, सात वटै वडाका वडा अध्यक्षज्यूहरु, सुझाव दिने विभिन्न वडाका नगरवासी र निश्पक्ष सर्वेक्षणमा सहभागी सीप प्रशिक्षण केन्द्रका सुरेश यादव र डोल्मा कुमारी चौधरी प्रति विशेष आभार एवं धन्यवाद ।

वडा नं.१ देखि ७ सम्मको फिल्ड अनुगमनका केही तस्विरहरु


















सरावल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपरासी (ब. सु. प.)
क्र.स.
विवरण
कैफियत
१. योजनाको नाम : राष्ट्रपति शैक्षिक सुधार योजना अन्तर्गत आदर्श मा. वि. खोखरपुरामा ४ कोठे भवन निर्माण
२. योजना लागत अनुमान: रु. ४५,४२,२०२/५३
३. कार्यालयले बेहोर्ने रकम: रु. ३६,००,०००/
४. उपभोक्ता समितिबाट जनश्रमदान रकम : रु. ९,४२,२०२/५३
५. योजना सुरु हुने मिति : २०७९/०१/०७
६. योजना सम्पन्न हुने मिति: २०७९/०८/१५
७. उपभोक्ता समिति अध्यक्षको नाम: देव राज चौधरी
आदर्श माध्यमिक विद्यालय, खोखरपुरा





सरावल गाउँपालिका
गाउँ पालिकाको कायालय
सरावल नवलपरासी (ब.सु.प. लुम्बिनी प्रदेश नेपाल
आर्थिक वर्ष = २०७९-०८
आयोजनाको नाम = धनगढवा अस्पतालको अगाडि तारबार एवं बाटो निर्माण
ठेगाना = सरावल गाउँपालिका
कार्यक्रमको नाम = भवन, आवास तथा सहरी विकास
उ.स को नाम = धनगढवा अस्पतालको अगाडि तारबार गर्ने उ.स.
उ.स. संग सम्झौता मिती = २०७९-१२-२३
कार्यसम्पन्न हुने मित = २०८०-०२-३०
कार्यालय बाट स्वीकृत रकम = रु ८०००००.००
कुल रकम = ८०००००.००
कन्टिजेन्सी कट्टी रकम = रु २००००.००
मर्मत सम्भार कट्टी रकम = रु १२०००.००
कार्यालयले बेहोर्ने कुल रकम = रु ७६८०००.००
समितिबाट जनश्रमदान रकम = रु ४७५१५.६३
कुल लागत अनुमान रकम = रु ८५४७५.६३




# सरावल गाउँपालिका, सरावल, नवलपरासी

## सामाजिक परिक्षण फारम

परिक्षणमा सहभागी सहजकर्ताको नामः मितिः

योजनाको नामः सरावल गाउँपालिका वडा नं.

**योजना सम्पन्न गर्ने अवधिः** चालु आ.ब./वहुबर्षिय **योजनाको स्तरः** वडा/गाउँपालिका/प्रदेश/संघ

**२. ठेक्का/उपभोक्ताद्धारा गरिएको भए ठेकेदारको विवरणः**

**क. ठेक्काद्धारा योजना कार्यान्वय भएको भए ।**

| ठेकेदारको नाम | कम्पनीको नाम | शुरु मिति | सम्पन्न मिति | बकोल रकम |
|---|---|---|---|---|
| | | | | |
| **योजना सम्पन्नको अवस्थाः** | | | | |

**ख. उपभोक्ताद्धारा योजना कार्यान्वय भएको भए ।**

| उपभोक्ताको नाम | उपभोक्ता समितिको विवरण | शुरु मिति | सम्पन्न मिति | बकोल रकम |
|---|---|---|---|---|
| | | | | |
| **योजना सम्पन्नको अवस्थाः** | | | | |

**३. योजनाबारे उपभोक्ता (सेवा ग्राही) प्रतिक्रियाः**

| क्र.सं. | नाम थर | ठेगाना | पेशा | योजनाले के फाइता हुन्छ? |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| **केही गुनासो वा सुझाव छ की?** | | | | |

**४. गत बर्ष ०७८।०७९ मा सम्पन्न भएका मुख्य उपलब्धीहरु भए ।**

१

२

३

**उत्तर दाताको हस्ताक्षर** **अवलोकन सहजकर्ता**